जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

विवाह पञ्चमी महोत्सव
आजको कार्यक्रम
रामकलेवा
स्थान:
जानकी मन्दिर

वर्ष २६ • अंक १९१ • २०८१ साल मंसिर २२ गते शनिबार (7 December, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## 'भारत तर्सिनु पर्दैन'

**टुडे समाचारदाता**

काठमाण्डु । पूर्वपरराष्ट्रमन्त्री रघुवीर महासेठले चीन सरकारसंग नेपालले बेल्ट एण्ड रोड सहकार्य फ्रेमवर्क (बिआरआई) मा हस्ताक्षर भए पछि प्रसन्न हुँदै यसबाट भारत तर्सिनु पर्ने अवस्था नरहेको प्रतिक्रिया दिएका छन् ।



काठमाण्डुमा शुक्रबार एक कार्यक्रममा बोल्दै नेकपा एमालेका केन्द्रीय सचिवसमेत रहेका पूर्वपरराष्ट्रमन्त्री महासेठले चीनसंग नेपालले गरेको बीआरआई सम्भौताप्रति भारतले आपत्ति जनाउन नहुने बताएका छन् ।

पूर्वपरराष्ट्रमन्त्री महासेठले बीआरआई परियोजनाबाट नेपालमा बनेका रेल, सडक लगायत अन्य कनेक्टिभिटीको विकास हुँदा भारतले पनि लाभ लिनसक्ने बताए ।

उनले चीन-नेपाल जोड्ने रेल र सडक पूर्वाधार बन्दा भारतले पनि प्रयोग गर्नसक्ने भएकाले नेपालले बिआरआईमा सम्भौता गर्दैमा तर्सनुपर्ने प्रस्ट्याए । उनले केरुङ-काठमाण्डु र काठमाण्डु-रक्सौल रेल बन्दै गर्दा सबैभन्दा बढी फाइदा भारतलाई हुने दाबी समेत गरे । उनले केरुङ-काठमाण्डु र काठमाण्डु-रक्सौल रेल तथा सडक पूर्वाधार बन्दा चीनबाट भारतले महिना दिन लगाएर ल्याउने सामान एक दिनमा भारत पुर्याउनसक्ने भन्दै भारत बिआरआईबाट तर्सिनु नहुने बताए ।

उनले नेपालले कुनै भारत विरोधी भावनाले प्रेरित योजना स्वीकार गर्न नसक्ने भन्दै बीआरआई फ्रेमवक परियोजना भारत विरोधी नभएको जिकिर गरे । उनले नेपाल सरकारले चीनसंग बिआरआई परियोजनामा हस्ताक्षर गरेसंगै विकासको ढोका खुलेको दाबी गरे ।

उनले नेपाल-चीन जोड्ने चार वा ६ लेनको सडक बनाउँदै गर्दा निजी क्षेत्रले आफैं लगानी गर्ने बताए । उनले नेपालको प्रतिकुल नहुने गरी ऋण लिँदा केही समस्या नहुने भन्दै नेपाललाई चीन र भारतको विरोधस्थल बनाउन नदिने बताए । उनले बिआरआई परियोजना नेपाललाई आवश्यकता भएकाले सम्भौता गरिएको दाबी गरे ।

## सीताराम विवाह पञ्चमी महोत्सव सम्पन्न

# आज रामकलेवा, जन्ती विदाई

**टुडे समाचारदाता**

जनकपुरधाम । सीताराम विवाह पञ्चमी महोत्सवको वैवाहिक कार्यक्रम सम्पन्न भएको छ । सीताराम विवाह महोत्सवको सर्वाधिक महत्वपूर्ण सीता स्वयम्वर र वैवाहिक कार्यक्रम शुक्रबार सम्पन्न भएको छ ।

अपरान्ह करिब पौने २ बजे बाजागाजा सहित स्वयम्वरका लागि जानकी मन्दिरबाट माता सीताको डोला रंगभूमी( बाह्रबिघा) मैदानका लागि प्रस्थान गरेको थियो । जानकी मन्दिरको डोला रंगभूमि मैदानमा पहिले पुग्ने चलन छ ।

बिहानैदेखि जानकी मन्दिरमा विशेष पूजा गरिएको थियो । देश विदेशबाट आएका श्रद्धालुहरुले डोला प्रस्थान गर्ने समय सम्म पूजा गरेका थिए । डोलासँगै श्रद्धालुहरु रंगभूमि मैदानमा पुगेर सीता स्वयम्वरको अलौकिक दृश्यको दर्शन गरेका थिए ।

रंगभूमि मैदानमा जानकी मन्दिरको डोला पुगेको केहि बेरपछि राम मन्दिरको डोला बजागाजा जन्तीसहित रंगभूमि मैदान पुगेको थियो । भगवान रामको डोलासँग अयोध्याबाट आकएका जन्ती पनि सहभागी भएको थियो ।

रंगभूमि मैदानमा भगवान सीतारामको स्वयम्वर भएको थियो । मिथिला परम्परा अनुसार गरिएको स्वयम्वरमा जानकी मन्दिरको डोलालगायत मठमन्दिरका डोलाहरुले भगवान रामको डोलाको परिक्रमा गरेका थिए । बाह्रबिघामा स्वयम्वरको कार्यक्रम चलिरहँदा हेलिकोप्टरले पुष्पवृष्टि गरिएको थियो ।

त्रेता युगमा भगवान सीतारामको स्वयम्वर रंगभूमि मैदानमा हुँदा देवताहरुले आकाशबाट पुष्पवृष्टि गरेका थिए । रामायणमा वर्णन गरिए अनुसार धनुषयज्ञको दिव्य दर्शन गर्न देवीदेवताहरु जनकपुरधाममा आएका थिए । भगवान रामले धनुष भंग गरेपछि आकाशबाट पुष्पवृष्टि गरिएको थियो । भगवान शिवको पिनाक(धनुष)लाई रावण लगायतका राजाहरुले हल्लाउन समेत सकेका थिएनन् । साँझ सीता स्वयम्वर सम्पन्न भएपछि रंगभूमि मैदानबाट भगवान राम, सीतालगायतको डोलाहरु नगर परिक्रमा गर्दै जानकी मन्दिर पुगेको थियो । जानकी मन्दिरमा डोला पुगेपछि वैवाहिक कार्यक्रम प्रारम्भ भएको थियो । मिथिला रीति, परम्परा र विधिविधान अनुसार नै भगवान सीतारामको विवाह सम्पन्न भएको उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले बताए ।

वैवाहिक कार्यक्रममा अयोध्या राम मन्दिर ट्रष्टका सचिव चम्पत्त राय, विश्वहिन्दू परिषद् अयोध्याका महासचिव राजेन्द्र सिंह 'पंकज' लगायतका सन्तमहन्तहरुको सहभागिता थियो ।



वैवाहिक कार्यक्रममा मिथिलानीहरुले अयोध्याका जन्ती र भगवान रामका दुई पुस्तालाई संगीतमय गाली सुनाएका थिए । सनातन धर्मावलम्बीहरुमा मात्र नभइ अन्य धर्मावलम्बीहरुमा पनि भगवानलाई गाली गरिदैन । तर भगवान रामको मातापिता समेतलाई गाली गर्ने विशिष्ट परम्परा जनकपुरधाममा मात्र रहेको छ ।

त्रेता युगमा भगवान रामसहित चारै दाजुभाइको विवाह एकसाथ भएको थियो । जन्तीमा आएका अयोध्याका महराज दशरथ, गुरु पुरोहितलगायतका जन्तीहरुलाई भाँतीभाँतीको गाली दिएर मैथिलानीहरु मनोरञ्जन गरेका थिए ।

मिथिलाकी नारीको मधुर गाली सुनेर महराज दशरथलगायतका अयोध्यावासीहरु मुग्ध भएका थिए । त्यो बेलादेखि नै विवाहमा गाली दिने चलन चलेको मान्यता छ । मैथिलानीहरुले भगवान रामसहित उनका मातापिता, गुरु लगायत अयोध्यावासीलाई गाली गरेको वर्णन गरिएको छ ।

मिथिलाकी युवराज्ञी सीताको विवाह भए पश्चात पनि लामो समय जन्तीहरु जनकपुरधाममा नै बसेका थिए । विवाहपछि जन्ती बेहुली सीतालाई लिएर अयोध्या प्रस्थान गर्दा राजा जनकले विदाइ गरेका थिए । त्यसको संस्मरण गर्दै अयोध्याबाट आएको जन्तीको सम्मानमा शनिबार जानकी मन्दिरमा रामकलेवा गरिनेछ ।

रामकलेवामा जन्तीलगायत श्रद्धालुहरुलाई मिथिलाको विशिष्ट परिकारसहितको भोजन गराइनेछ । साधु परम्परा अनुसार जन्तीलाई वस्त्र र नगद विदाइ गरिने जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले जनाए ।

सीताराम विवाह महोत्सवको मुख्य उत्सवमा १५ लाख बढी श्रद्धालुको सहभागिता रहेको बताइएको छ ।

श्रद्धालुहरुलाई हनुमान मन्दिर रेल्वे स्टेशन, तेली कल्याण समितिलगायतका दर्जनौं सामाजिक संघसंस्थाहरुले निःशुल्क भोजन, चिया, पानी, औषधि उपलब्ध गराएका थिए । दिनभरिमा कयौं लाख मानिसले निःशुल्क भोजन गरेको संघसंस्थाहरुले जनाएका छन् ।

भोजन गर्नेहरुको सर्वाधिक भीड रंगभूमि मैदान भित्र रहेका शिविरहरुमा थियो । बिहान करिब ९ बजेदेखि नै प्रारम्भ भएको निःशुल्क भोजन साँझसम्म जारी रहेको थियो ।

प्रत्येक पाँच वर्षमा अयोध्याबाट आउने विशिष्ट जन्ती पनि आएकाले श्रद्धालुहरुको सहभागितामा उल्लेख्य वृद्धि भएको दाबी गरिएको छ । अतिथिहरुले जनकपुरधाम खचाखच भरेको छ । तर राति नै श्रद्धालुहरु फर्किन थालेकाले शनिबार अपरान्हसम्म भीडभाड निकै कम हुने बताइएको छ ।






# उच्च करदातालाई नेपाल उद्योग परिसङ्घको सम्मान

काठमाण्डु । नेपाल उद्योग परिसङ्घले यस वर्षको राष्ट्रिय कर दिवसका अवसरमा नेपाल सरकारबाट सम्मानित हुनुभएका उच्च करदाताहरुलाई सम्मान गरेको छ ।

सरकारले राष्ट्रिय कर दिवसको अवसरमा १६ जना संस्था तथा व्यक्तिलाई उच्च करदाताका रुपमा सम्मान गरेको थियो । सम्मानितमध्ये दुई वटा सरकारी लगानी रहेका कम्पनी छन् भने १४ वटा निजी एवं सार्वजनिक क्षेत्रका छन् । परिसङ्घले निजी एवं सार्वजनिक क्षेत्रका १४ उच्च करदातालाई सम्मान गरेको हो ।




शुक्रबार परिसङ्घ सचिवालयमा आयोजित सम्मान कार्यक्रममा परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले उच्च करदातालाई सम्मान गर्नुभएको हो । उहाँले उच्च करदाता हुनु व्यक्तिगत एवं संस्थागत उपलब्धि मात्रै नभएर राज्यप्रतिको महत्वपूर्ण योगदान भएको बताउनुभयो । योगदानको कदर गर्दै उत्पादनमुलक तथा सेवामुलक उद्योगहरुको प्रतिनिधिमुलक संस्थाका रुपमा परिसङ्घले उच्च करदातालाई सम्मान गरेको उहाँले बताउनुभयो ।

राष्ट्रिय कर दिवसमा आर्थिक वर्ष २०७८/७९ मा वस्तु निर्यात कारोबारमध्येबाट डाबर नेपाल, एकलौटी फर्ममध्येबाट श्रुती ट्रेडर्स, सूचना प्रविधिसम्बन्धी सेवा निर्यातको कारोबार गर्ने कोडावतार, कृषि एवं पशुपंछीजन्य उद्योगबाट पतञ्जली आयुर्वेद, बैंक तथा वित्तीय संस्था र बिमाबाट नबिल बैंकलाई परिसङ्घले सम्मान गरेको हो ।

स्वास्थ्य तथा शैक्षिक संस्थाबाट लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ हस्पिटल, पर्यटन क्षेत्रबाट तारागाउँ रिजेन्सी होटेल, वस्तु व्यापारतर्फबाट भाटभटेनी सुपरमार्केट एण्ड डिपार्टमेन्टल स्टोर, ऊर्जामुलक उद्योगबाट भोटेकोशी पावर कम्पनी, रेमिटेन्स तथा मनि ट्रान्सफरतर्फ सिटी एक्सप्रेस मनी ट्रान्सफरलाई सम्मान गरिएको हो ।

यसैगरी विसं २०७५ साउनदेखि २०८१ साल असार मसान्तसम्मको कर अवधिमा मूल्य अभिबृद्धि कर र विवरण र सो अवधिको कर समयमै दाखिला गरी नियमित कर सहभागिता जनाएका करदातामध्ये सबैभन्दा बढी मूल्य अभिबृद्धि कर दाखिला गर्ने होङ्सी शिवम् सिमेन्ट, वार्षिक कारोबार रकम रु ५० करोडसम्म कारोबार गर्ने करदातामध्ये आव २०७९/८० को आयविवरण अनुसार सबैभन्दा बढी आयकर तिर्ने सोल्टी इन्टरप्राइजेज्, विशेष उद्योगमध्येबाटसबैभन्दाबढीआयकर तिर्ने वरुण वभरेज नेपाल र व्यक्तिगत आयतर्फ सबैभन्दा बढी आय कर तिर्ने जावलाखेल ग्रुप अफ इन्डष्ट्रिजका प्रबन्ध निर्देशक राजबहादुर शाहलाई परिसङ्घले सम्मान गरेको छ ।

कार्यक्रममा परिसङ्घ वरिष्ठ उपाध्यक्ष वीरेन्द्रराज पाण्डे, गभर्निङ्ग काउन्सिल सदस्यद्वय विजयकुमार शाह, शशिकान्त अग्रवाल, पदाधिकारी सदस्य छाया शर्मा, महानिर्देशक डा घनश्याम ओझालगायत उपस्थित हुनुहुन्थ्यो ।रासस

# ‘जनस्तरको सम्बन्धलाई जनताकै उन्नतिसँग जोड्नुपर्छ’

महोत्तरी । राजानकी विवाह महोत्सवमा सहभागी हुन अयोध्याबाट आएका जन्तीले नेपाल-भारतबीच जनस्तरका सम्बन्धले प्रगाढ बनेको मैत्रीलाई जनताको उन्नतिसँग जोड्नुपर्नेमा जोड दिएका छन् ।

भारतीय अतिथिले दुवै देशबीचको सघन सांस्कृतिक सम्बन्धलाई विकासका माध्यमबाट अझ सुदृढ बनाउनुपर्ने अभिमत जाहेर गरेका छन् ।



‘हम आप के स्नेह से बधे हुए हैं, प्रेमका यह बन्धन अटुट है, सदियों से चलता आरहा है’ (हामी तपाईंहरूको स्नेहले जोडिएका छौं, हाम्रो प्रेमपूर्ण सम्बन्ध अटुट छ, जुन सताप्दियौंदेखि चल्दै आएको छ) मटिहानीवासीको स्वागतबाट आल्हादित विश्व हिन्दू परिषद्का केन्द्रीय मन्त्री राजेन्द्रसिंह पङ्कजले ग्रहण गर्दै भन्नुभयो, “ यह कोइ सरकारी हस्ताक्षर से नहीं, जनता के दिलो से बने सम्बन्ध हैं, अब यह सम्बन्धको आधुनिक विकासके अवसर में पहुँचाना पडेगा” (यो कुनै सरकारका प्रतिनिधिबीचको हस्ताक्षरले होइन, जनताका हृदयबाट बनेको सम्बन्ध हो, अब यो सम्बन्धलाई आधुनिक विकासको चरणसम्म पुर्याउन पर्छ) जनमनबाट स्थापित सम्बन्धले प्रगाढ बनाएको सांस्कृतिक सम्बन्धलाई अझ मजबुत बनाउन पर्ने उहाँको भनाइ छ । जन्तीमा पङ्कजका अतिरिक्त अयोध्यास्थित श्रीराम जन्मभूमि क्षेत्र ट्रष्टका महासचिव चम्पत राय र अयोध्या नगर निगमका प्रमुख गिरिशपति त्रिपाठीसहितका उच्च पदस्थ व्यक्तित्वसमेत पाँच सय जनाको सहभागिता छ ।

नेपाल-भारतबीचको सदियौंदेखिको सम्बन्ध र आपसी सांस्कृतिक आदानप्रदान विश्वमा अद्वितीय रहेको अयोध्याकै सन्त सन्तोसदास वैष्णवको धारणा छ । “हम सदियों से रक्तीय सम्बन्ध से जुड्ते आए हैं, हमारी समान सांस्कृतिक परम्पराए हैं, वह हमे प्रेम के डोरी से बँधे रखते है” (हामीबीच सदियौंदेखि रक्तीय सम्बन्ध स्थापित छ, हाम्रा समान संस्कृति परम्परा छन्, यिनले सधैं हामीलाई बलियो प्रेमको डोरीले बाँधिराखेका छन्) वैष्णव भन्नुहुन्छ, “जो आप नें हमें सम्मान दिया है, ए हमारी पुराने सम्बन्धोंका निरन्तरता है” (अहिले जो तपाईंहरूले सम्मान दिनुभएको छ, यो हामीबीचको पुरानो सम्बन्धको निरन्तरता हो) ।

आफूहरूप्रति नेपालीले दर्शाएका प्रेम र अपनत्व बिर्सन नसकिने किसिमको रहेको सबैजसो जन्तीको प्रतिक्रिया छ । नेपालीको स्नेह, सद्भाव र अहोभावको स्वागतले अर्को देश आएका छौं भन्ने नपरेको भारतीय अतिथि बताउनुहुन्छ ।

“लगता नहीं जो दुसरे देश में है, सब जानेमाने जैसे है, कई सालो से सम्बन्धमे जुडे जैसे” (लाग्दैन, कुनै अन्य देशमा छौं, सब कैयौं वर्षदेखि सम्बन्धमा जोडिएर रहेको जस्तो महसुस छ) जन्तीमा सहभागी साध्वी मनोरमा भन्नुहुन्छ, “हम वृन्दावन से हैं, बारात में पहलीबार आइ हुँ, लेकिन ए लगता नहीं जो पहलीबार आइ हुँ ।

प्रेम जो मिल रहा है, सचमुच नेपाली विशाल हृदय के हैं” (म वृन्दावनकी हुँ, जन्ती भएर पहिलोपटक आएकी हुँ, तर म पहिलोपटक यहाँ आएकी हुँ भन्ने लागेन, प्रेम जो पाइरहेका छौं, साँच्चै नेपाली विशाल हृदयका छन्) नेपाल प्रवेश गरेलगत्तै मटिहानी, जलेश्वर, पिपरा र अहिले जनकपुरमा पाएको स्नेहले अत्यन्त भावुक बनाएको उहाँ बताउनुहुन्छ ।

नेपाल-भारतबीचको यो जनमनको सम्बन्ध आपसी प्रेम र विश्वासले बनेको भारतीय अतिथिहरूको बुझाइ छ । यो सम्बन्धको जग श्रीराम जानकीको विवाह रहेको भारतीय अतिथि बताउनुहुन्छ । यद्यपि अब महोत्सव सम्बन्धलाई खास उत्सवसँग मात्र नभई विकास र जनताको उन्नतिसँग जोडिनपर्ने उहाँहरू सबैको धारणा छ ।

“हम अच्छे सम्बन्ध में हैं, और इसे प्रगाढ रखना है, इसके लिए हमें दोनो देशों के बीच राज्यस्तर पर भी विकास सम्भावनाओं पर खुली बातचित होनी चाहिए” (हामी राम्रो सम्बन्धमा छौं र यसलाई अझ प्रगाढ बनाइराख्नु छ, यसका लागि दुवै देशका सरकारबीच विकास सम्भावनाबारे खुलाखुलस्त कुराकानी भइरहनुपर्छ) विश्व हिन्दू परिषदुका मन्त्री पङ्कज भन्नुहुन्छ, “दोनो देशों के सम्बद्ध अधिकारी इसपर विमर्श करते रहें” (दुवै देशका सम्बद्ध अधिकारीहरू यसबारे विमर्श गरिरहनोस्) ।

मटिहानी प्रवेशसँगै नगरप्रमुख हरिप्रसाद मण्डलसहितका नगरवासीको आत्मीय स्वागतले हर्षित भएको अयोध्याका सन्त रामशरणदास वैष्णव बताउनुहुन्छ ।

मङ्गलबार जनकपुर पुगेलगत्तै महोत्सवको धनुषयज्ञमा अतिथिहरू सहभागी हुनुभयो ।

यसैगरी बुधबार साँझ तिलकोत्सवमा सहभागी हुनुभएका भारतीय अतिथिलाई मधेश प्रदेश सरकारले बिहीबार प्रदेशको मुख्य प्रशासकीय केन्द्र मधेश भवनमा सम्मान गरेको छ ।

सप्ताहव्यापी महोत्सवको पाँचौं दिन बिहीबार जानकी मन्दिर परिसरको विवाहमण्डपमा मैथिल परम्पराअनुसार विवाहको यज्ञवेदी निर्माण र कूलदेवता पुजनको ‘मटकोर’ विधि सम्पन्न भएको छ । शुक्रबार छैटौं दिन रङ्गभूमि मैदानमा स्वयंवर र राति जानकी मन्दिरको विवाहमण्डपमा शुभविवाह समारोह सम्पन्न हुनेछ । शनिबार रामकलेका विधिबीच जन्तीको बिदाइपछि यस वर्षको सप्ताहव्यापी महोत्सव समापन हुनेछ ।रासस

# धार्मिक, सामाजिक सद्भावको गढ : गढिमाई मेला

काठमाण्डु । हरेक पाँच वर्षमा एकपटक ‘गढीमाई’को चर्चा परिचर्चा चुलिने गर्छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा बहस हुने यो मेला यसपालि पनि चलिरहेकै छ । हरेक पाँच वर्षमा मङ्सिर १ गतेदेखि सुरु हुने यो मेला एक महिनासम्म चल्छ । मधेसका विभिन्न जिल्लाका ११ स्थानमा यो मेला लाग्छ । तर सबैभन्दा धेरै भने बाराको वरियापुरको गढीमाई मन्दिर चर्चामा रहन्छ ।

यो चर्चाको पनि आफ्नै कथाहरू छन् । मन्दिर अनि मेलाका आ-आफ्नै कहानी र किंवदन्तीहरू छन् । मिथक र विश्वासहरू छन् । यो मन्दिरमा हरेक पाँच वर्षमा लाखौं पशुपंक्षीको बली चढान्छ । राष्ट्रिय मात्रै होइन, अन्तर ाष्ट्रियरुपमा पनि यही बलीका कारण मन्दिर र मेलाको चर्चा हुने गर्छ ।



खासगरी पशु अधिकारकर्मीहरूले बलिप्रथाको विरोध गर्छन् । हरेक प्राणीलाई बाँच्ने अधिकार बराबर भएको भन्दै अधिकारकर्मीहरूले बली प्रथा रोक्न सरकारलाई दबाव पनि दिँदै आएका छन् । सरकारले पनि त्यहीअनुसार बलिलाई व्यवस्थित र नियन्त्रण गर्ने प्रयासहरू गरिरहेको छ । तथापि लाखौं मानिसको आस्था जोडिएका कारण अहिलेसम्म पनि यहाँ बलि रोकिएको छैन । नेपालमात्रै नभएर यो मेलामा छिमेकी भारतका हिन्दू समुदायको पनि उत्तिकै सहभागिता रहन्छ । एक महिनासम्म लाखौं मानिसले भरिने यो मेला एकप्रकारको धार्मिक महाकुम्भजस्तै हुन्छ ।

खासगरी आदिवासी समुदाय थारुहरूको इतिहास र धार्मिक विश्वास गाँसिएको यो गढीमाई मन्दिर र मेलासँग अहिले हरेक हिन्दूको आस्था पनि उत्तिकै गहिरो छ । खासगरी समाजमा पछि पारिएका थारुहरूले यो मन्दिरलाई आफ्नो पूर्खाको धार्मिक अवयवका रुपमा पनि लिने गरेका छन् । अहिले पनि यो मन्दिरका मूल पूजारी थारु समुदायबाटै हुन्छन् । हालका पूजारी पनि यो मन्दिर स्थापना गर्ने उनै मूल थारुका पुस्ता मानिन्छन् । मन्दिर स्थापनाका पछाडि जोडिएका किम्बदन्तीअनुसार कैद सजाय भोगिरहेका एकजना थारु समुदायका व्यक्ति भगवान दास थारु सपनामा तुलजा भवानी (गढीमाई) को दर्शन पाउँछन् । र, भवानीले एउटा त्रिशुल उनलाई दिएकी हुन्छिन् । कैद भुक्तान गरेर घर फर्किने बेलामा भगवानदासले त्यो त्रिशुल एक ठाउँमा गाडिदिन्छन् । त्यही ठाउँमा मन्दिर बन्छ र त्यसपछि मेलाको सुरुवात हुन्छ । त्यो त्रिशुल गाडिएको स्थान अर्थात् हालको बारा जिल्ला बरियापुरमा बनेको मन्दिरमा रहेको भवानीको मूर्ति आफै स्थापना भएको पनि किंवदन्ती छ ।

हिन्दुहरूको आस्थामा रहने शक्तिपीठमध्ये यो पनि एउटा शक्तिपीठ हो । शक्तिपीठहरूको शिवपत्नी सतिदेवीको अङ्गहरू पतन भएको धार्मिक विश्वास पनि छ । अर्को किंवदन्तीअनुसार भगवान विष्णुले राक्षसहरूको बध गर्न देवीको रुप धारण गरेका थिए । देवीले रक्षसहरूको बध गर्छिन् र युद्धबाट थाकेर उनी त्यहाँको जंगलमा आराम गर्न पुगेकी थिइन् । त्यसैले त्यहाँ उनको मूर्ति आफैं उत्पन्न भएको भन्ने पनि पौराणिक मान्यता छ । त्यसबेलादेखि यिनै थारु परिवारले मन्दिरको संरक्षण, संवर्द्धन र देवीको पूजाआजा गर्दै आएको र उनका सारा पुस्ता कोही न कोही यो मन्दिरमा जोडिने गरेको जनश्रुतीहरू पनि स्थापित भएका छन् । जे जस्तो भए पनि गढीमाई देवीलाई साक्षात् देवीको प्रतीकका रुपमा लिइन्छ । त्यसैले अरु शक्तिपीठभन्दा यो मन्दिरको महत्व अझ बढ्न गएको पाइन्छ ।

यो पौराणिक परिघटना लगभग १७ औं शताब्दीतिर भएको मानिन्छ । त्यस हिसाबले यो मन्दिर र मेलाको इतिहास लगभग चार सय वर्ष पुरानो छ । सदियौं पुरानो इतिहास र मान्यताहरूलाई कति विश्वास गर्ने ? त्यो व्यक्तिगत स्वतन्त्रताको कुरा हो । तथापि, गढीमाई विश्वका आम हिन्दूको धार्मिक आस्थामा गहिरोसँग गाँसिएको छ । नेपालमै रहेका अरु मन्दिरहरूको तुलनामा यो मन्दिर औसत हो । तर यहाँको धार्मिक विश्वास र आस्था भने धेरै अग्लाअग्ला छन् ।

प्यागोडा शैलीमा निर्माण भएको यो मन्दिरको मूर्ति कसले र कहिले स्थापना भयो ? वा आफैं उत्पन्न भयो कि कसैले बनाएर राखेको हो भन्नेबारे अहिले पनि मत अभिमतहरू बाझिन्छन् । तथापि यो शक्तिपीठसँग गाँसिएका फरक मान्यता र आस्थाका कारण यसको धार्मिक भव्यता अरु भन्दा निकै पृथक छ ।

हरेक पाँच वर्षमा लाग्ने यो मेलाको एक महिने अवधिमा हजारौं पशुपंक्षीको प्राण चढाइन्छ । तर त्योभन्दा अघि उनै मन्दिरका संस्थापकका पुस्ता अर्थात् मूल पूजारी आफैंले नरबली दिने प्रचलन छ । त्यो भनेको मान्छेकै बलिको नाउँमा शरीरका विभिन्न पाँच अङ्गको रगत निकालेर मूर्तिमा चढाइन्छ । त्यसपछि मुसा, बोका, परेवा, कुखुरा अनि राँगाको बलि चढाइएपछि बल्ल सर्वसाधारणले आफ्नो भाकल, इच्छा र हैसियतअनुसार पशुबलि चढाउँछन् । त्यसमध्ये सबैभन्दा बढी राँगाको बलि चढाइन्छन् । यकिन तथ्य र तथ्याङ्कहरू नभए पनि यहाँ हरेक वर्ष ३० देखि ४० हजार राँगाहरूको बलि चढाइन्छ । अरु पशुपक्षीको खासै गणना रहँदैन ।

धर्म भनेको हरेक व्यक्तिको आफ्नै मौलिक र निजी स्वतन्त्रताको कुरा हो । त्यसैले नेपाल पनि धर्मनिरपेक्ष राष्ट्र हुनेछ भनेर संविधानमै लेखिएको छ । यो वैयक्तिक स्वतन्त्रता कतै-कसैबाट हनन् हुनुहुँदैन । यो एउटा मानवअधिकारको पनि कुरा हो । अनि धर्म भनेको धारण पनि हो । त्यो भनेको हरेक प्राणीको जीवनको आफ्नो शैली, स्वभाव र अनुशासन हो । हरेक धर्मका आआफ्नै महत्व छन् । विश्वास र आस्था छन् । आफ्ना मान्यताहरू छन् । कुनै धर्म र आस्थाको महानता अर्कोसँग तुलना हुँदैन र हुनुहुँदैन । यो मेलाका क्रममा हजारौं प्राणको ज्यान हरण हुने गरेको भन्दै विरोध र आलोचना हुँदै आएको छ । हरेक प्राणीलाई मान्छेजस्तै स्वतन्त्र बाँच्ने अधिकार रहन्छ र हुन्छ नै । तर एउटा आस्था, विश्सार र धारणाले बाँधिएको यो प्राकृतिक चक्रलाई त्यहीअनुसार स्वीकार गर्नुपर्छ । शिक्षा र चेतनाको विकाससँगै यस्ता मान्यताहरू विस्तारै स्थापित हुँदै जान्छन् । यद्यपि अहिले विश्वभरि नै पशुअधिकारका लागि कैयौं अभियानहरू चलिरहेका छन् । कतिपय देशहरूले पशुअधिकारको कानुनसमेत बनाइसकेका छन् । नेपालले पनि विस्तारै पशु अधिकारका लागि कानुनहरू बनाउने, बलिप्रथा व्यवस्थित र नियन्त्रण गर्दै लैजाने जस्ता कामहरू क्रमिक रुपमा गर्दै आएको छ ।

जे जस्तो भए पनि गढीमाई पनि त्यस्तै एउटा समूह र समुदायको आस्थाको एउटा केन्द्र हो । कुनै एउटा समुदायको पुस्तैनी इतिहास गाँसिए पनि यो मन्दिर र मेलाको महत्वलाई आम समुदायले नै अपनत्व पाइन्छ । पञ्चवर्षीय यो मेलामा हरेक व्यक्ति, समुदाय र वर्गका बीच आपसी मेलमिलाप, सद्भाव र प्रेमभाव प्रकट भएको देखिन्छ । त्यसैले यो मेला एकप्रकारले भन्ने हो भने धार्मिक र सामाजिक सद्भावको एउटा उत्कृष्ट सङ्गम पनि हो ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथून | : बौद्धिक क्षमता । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : धन वृद्धि सञ्चय । |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# विवाह पंचमी महोत्सवको स्वयम्वर देखि वैवाहिक विधिका छवि। तस्बिर : संजय कुमार यादव























# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। बिबाह पञ्चमीः राम र सीताको पवित्र विवाहको उत्सव ।।

बिबाह पञ्चमी हिन्दू धर्मको एक महत्वपूर्ण पर्व हो जुन विशेष रूपमा मिथिला क्षेत्रका मानिसहरूले मनाउँछन्। मंसिर महिनाको शुक्ल पञ्चमीका दिन मनाइने यो पर्व राम र सीताको विवाहको पवित्र सम्झनामा मनाइन्छ। यस दिनको महत्त्व रामायणसँग जोडिएको छ, जहाँ राम र सीताको विवाहलाई आदर्श विवाहको रूपमा प्रस्तुत गरिएको छ। यस पर्वले न केवल धार्मिक आस्था र विश्वासको भावनालाई उत्प्रेरित गर्दछ, बरु यसले समाजमा प्रेम, समानता र एकताको सन्देश पनि फैलाउँछ।

राम र सीताको विवाहको कथा हिन्दू धर्मका पवित्र ग्रन्थ रामायणमा उल्लेख गरिएको छ। राजा जनककी सुपुत्री सीता, जो रूप र गुणकी देवी थिइन्, एक विशेष प्रतिस्पर्धामा भाग लिई शिव धनुष तोड्न सक्ने योग्य वरको खोजी गर्दै थिइन्। राम, जो अयोध्याका राजकुमार थिए, यस प्रतिस्पर्धामा विजयी भएर सीताको वर बन्ने अवसर पाए। यो विवाह धर्म, सत्य र प्रेमका सिद्धान्तहरूको विजयको प्रतीक बनेको छ। राम र सीताको विवाहको घटनाले हाम्रो समाजमा प्रेम र मर्यादित सम्बन्धका महत्त्वपूर्ण मान्यताहरूलाई उजागर गरेको छ।

बिबाह पञ्चमीका दिन विशेष रूपले जनकपुरधाममा ठूलो चहलपहल हुन्छ। यहाँ लाखौं श्रद्धालु एकत्रित भएर राम र सीताको विवाहको कथा सम्झन्छन् र पूजा अर्चना गर्दछन्। जनकपुरको राम मन्दिरमा विशेष पूजा र धार्मिक अनुष्ठान गरिन्छ, जसले मिथिला क्षेत्रको सांस्कृतिक परम्परा र धार्मिक विश्वासलाई पुनः जिवित राख्छ। जनकपुरको धार्मिक महत्त्वको कारण, यो स्थान बिबाह पञ्चमीको केन्द्र बनिसकेको छ, जहाँ प्रत्येक वर्ष हजारौं श्रद्धालु श्रद्धा र भक्ति भावनाका साथ राम र सीताको विवाह सम्झन्छन्।

बिबाह पञ्चमीका अवसरमा, राम र सीताको विवाहलाई आदर्श विवाहको रूपमा प्रस्तुत गरिन्छ। यसले जीवनका मूल्य र धर्मको महत्त्वलाई स्पष्ट पार्दछ। राम र सीताको विवाहले केवल व्यक्तिगत प्रेमको कुरा गर्दैन, बरु यो समग्र समाजमा धर्म, सत्य र न्यायका सिद्धान्तहरूको पालनको आवश्यकता बताउँछ। यस पर्वले परिवारका आदर्शहरू र समाजका मूल्यहरूको रक्षा गर्नका लागि प्रेरित गर्छ। साथै, बिबाह पञ्चमी नारी सम्मान र समानताको सन्देश पनि दिन्छ। सीताको पात्रलाई आदर्श पत्नी र नारीका रूपमा प्रस्तुत गरिएको छ जसले महिला अधिकार र सम्मानका महत्त्वपूर्ण पक्षहरूको व्याख्या गर्छ। यसले समाजमा महिलाका अधिकार र अवसरहरूको सुधार गर्नुपर्ने आवश्यकता र महिला सशक्तिकरणको महत्त्वलाई पनि उजागर गर्दछ।

यस पर्वले समाजमा शान्ति, सद्भाव र भाईचारेको सन्देश दिन्छ। यस दिनको माध्यमबाट, हामी सबैलाई धर्म, सत्य र प्रेमको महत्त्वको स्मरण गराइन्छ, र सबै धर्म, जाति र समुदायका मानिसहरूलाई एकजुट गराउने सन्देश पनि प्रदान गरिन्छ। बिबाह पञ्चमीको पर्वले समाजमा सकारात्मक विचार र कार्यहरूको प्रोत्साहन गर्दछ, जसले मानवता र समाजमा सहअस्तित्वको भावना बढाउँछ।

समाप्तिमा, बिबाह पञ्चमी एक यस्तो पर्व हो जसले राम र सीताको पवित्र विवाहको सम्झनामा हामीलाई आदर्श जीवनका मूल्यहरू र धर्मका सिद्धान्तहरूलाई आत्मसात गर्न प्रेरित गर्दछ। यो पर्व न केवल धार्मिक आस्था र विश्वासको उत्सव हो, बरु यसले समाजमा एकता, प्रेम र सम्मानका मूल्यहरूको महत्त्वलाई बल पुर्याउँछ। बिबाह पञ्चमीका दिन, हामीले राम र सीताको विवाहलाई एक प्रेरणा र आदर्शका रूपमा हर्षका साथ मनाउनु पर्दछ, जसले हामीलाई जीवनमा साँचो प्रेम र सद्गुणका बाटोमा हिँड्नका लागि मार्गदर्शन गर्छ।



**लेखक:राम पुकार महतो (बिद्रोही)**
**बर्दिवास, महोत्तरी**

## ।। साझको सान्तिः गँगा आरती ।।

जनकपुरको यो सुन्दर किनार,
जहाँ गङ्गा बहन्छन् निर्मल धार।
सुनौलो साँझ, दीपहरूको झिलिमिली,
आरतीका धून, शंखको मधुर रागिली।
सूर्य अस्ताउँदै, जलमा प्रतिबिम्ब,
मनमा शान्ति, हृदयमा बिम्ब।
देवी गङ्गाको पावन पुकार,
हजारौं दीप, भक्तिका उपहार।
हावा चल्छ, मंत्रहरूको गुञ्जन,
जलमाथि नाच्छन् दीपहरूको तिलस्म।
गङ्गाजलको शीतलता, जीवनको सार,
जनकपुरको यो माटो, पुण्यको आधार।
आरतीका शब्द, धूपको सुवास,
भक्तिको बग्छ अपार उजास।
जननी गङ्गा, तिमी अनन्त कृपालु,
तिम्रो चरणमा, सबै भव बन्धन टालु।
यो साँझको सान्ति, गङ्गाको गीत,
जनकपुरको माटो, पवित्र र मीत।
आरतीमा गुञ्जन्छ जीवनको महिमा,
गङ्गालाई समर्पित, शुद्ध यो प्रार्थना।।



**लेखक :- आदित्य झा**
**कक्षा :-१०**
**जनकपुरधाम:-१०, रुपैठा**

## ।। शुभ विवाहपञ्चमी ।।

शुभ विवाहपञ्चमी आयो, सन्देश ल्याएर,
मायाको रङ्गमा, संसारलाई सजाएर।
सपना र आशा, दिलमा हराउँदै,
जीवन यात्रा सँगै हामी अघि बढाउँदै।
मन्दिरको मन्द मुस्कान झल्कियो,
भगवानको कृपा, सबैमा बरिस्यो।
मिलनको समय, भगवानको आशीर्वाद,
प्रेम र समर्पण होस् हाम्रो यत्रा साथ।
सात फेरे, सात जन्मको वचन,
प्यार र समर्पणबाट बनेको सन्देश जीवन।
सपना पुरा होस्, प्रेमको मार्गदर्शन,
शुभ विवाहपञ्चमी होस् सबैको मनको शान्ति।
शुभकामना र आशीर्वादको साथ,
सपना पुरा होस् नयाँ पथ।
विवाहको पवित्रता बढोस्,
शुभ विवाहपञ्चमीले सधैं समृद्धि ल्याओस्।



**लेखक :रश्मी दनुवार**
**मोरङ्ग नेपाल**

## कथाको शिर्षक 'धनको घमण्ड'

धेरै समयअघि सिरहा जिल्लाको एउटा सानो गाउँमा राजु नामको एकजना धनाढ्य ब्यक्ति बस्थे। राजु साँच्चिकै धनी थिए। उनीसँग ठूलो घर, धेरै जग्गा र गाईवस्तु थिए। गाउँका सबैजना उनलाई सम्मान गर्थे, तर उनको एक बानी सबैलाई मन पर्दैनथ्यो–उनले आफ्नो धनको घमण्ड गर्थे।

जहिले पनि उनी अरूलाई आफ्नो सम्पत्तिको बयान सुनाउँथे। "म जस्तो धनी कोही छैन," उनले सधैं गर्व गर्थे। गरीब मानिसहरूलाई उनले सधैं नीच ठान्थे र उनको घमण्डले गर्दा गाउँमा धेरैले उनलाई मन पराउँदैनथे।

सिकाइको अवसर

एक दिन गाउँमा एक वृद्ध सन्यासी आए। उनले गाउँभरि कुरा फैलाए, "धनी हुनु राम्रो कुरा हो, तर घमण्ड गर्नु अभिशाप जस्तै हो।" राजुलाई यो कुरा सुनेर रिस उठ्यो। उनी सन्यासीसँग भेट्न गए र चुनौती दिए, "तपाईंले भनेजस्तो म घमण्डी भए पनि मेरो धनले मलाई कहिल्यै अभाव महसुस गराएको छैन। मलाई तपाईंको उपदेशको आवश्यकता छैन।"

सन्यासी मुस्कुराए र भने, "ठीक छ, एकपटक मेरो कुरा मान्नुहोस्। तपाईं आफ्नो सम्पत्ति एक दिनका लागि छोडेर मेरो साथ गाउँ घुम्न आउनुहोस्।" राजु घमण्डका साथ सहमत भए, किनकि उनले आफ्नो शक्ति सबैलाई देखाउन चाहन्थे।

सत्यको पर्दाफास

सन्यासीले राजुलाई गरिबहरूको बस्तीमा लगे। त्यहाँको दयनीय अवस्था देखेर राजुको मन बदलियो। उनले देखे, कसरी एक परिवार दुई छाक खानका लागि संघर्ष गर्दै थियो। कसरी एक वृद्धाले आफ्नो बच्चाबच्चीलाई हेरचाह गर्न सकिरहेका थिएनन्।

जब उनले ती गरिबहरूसँग कुरा गरे, तब उनले बुझ्न थाले कि सम्पत्ति केवल व्यक्तिगत सुखका लागि होइन, अरूलाई सहयोग गर्न पनि हुनुपर्छ। उनले आफ्नो धनको घमण्डले आफूलाई मात्रै सीमित गरेको महसुस गरे।

परिवर्तन

त्यस दिनपछि राजुको व्यवहारमा ठूलो परिवर्तन आयो। उनले आफ्नो सम्पत्ति गाउँको विकास र गरीबहरूको सहयोगमा खर्च गर्न थाले। उनले शिक्षा, स्वास्थ्य र कृषिमा लगानी गरे। गाउँका मानिसहरूले उनलाई फेरि सम्मान गर्न थाले, यसपटक साँचो मनले।

राजु बुझ्न आए, "धनको घमण्ड गर्नेले कहिल्यै सन्तोष पाउँदैन। साँचो खुशी अरूलाई खुशी बनाउनबाट प्राप्त हुन्छ।"

यो कथाले सिकाउँछ कि धन भनेको केवल साधन हो, जसले समाजलाई राम्रो बनाउनुपर्छ। घमण्डले मानिसलाई केवल एक्लो बनाउँछ, तर उदारताले उसको हृदय र सम्बन्ध दुवै बलियो बनाउँछ।



**कथा लेखकः- नबिन श्रेष्ठ**
**हाल अध्ययन शिक्षणः- बि.एड स्नातक चौथो बर्ष**
**ठेगानाः- सीतापुर - खोरिया, भुचक्रपुर - बटेश्वर-३**

## ।। बहिनिको बिहे ।।

आयो सुखको दिन, हर्षको रौनक,
तिमीलाई हेरेर मन भरि उल्लास।
बिहे को पर्व, रङ्गीन मुहार,
सपना पुरा भयो, बहिनिको संसार।
आधिकारिकता, नयाँ घरको ढोका,
मायाले सजिएको नयाँ उसको चोका।
प्यारी बहिनी, सन्देश ल्याउने,
पढ्न न सक्ने संसारको रंगीनी।
आनन्दका गीत, हर्षका रचना,
तिमीले बाँच्नेछौ नयाँ जीवन यात्रा।
सपना र आशा संगै मिलाएर,
सपना पुरा हुनेछ जीवनमा त्यो टेहरा।
जीवनका हर्ष र दुःखका समय,
संगै हाँस्नेछौ र बाँच्नेछौ सबै।
आधा भाग्य एक अरूसँग जोडिएर,
सपना तिमीलाई साकार हुनेछ, बहिनी मेरो प्यारी।
यस यात्रा मा हामी सँगै बस्ने,
तिमी खुशी रह, जीवन रमाइलो सँग लिने।
माया र आशीर्वादले भरिपूर्ण यो यात्रा,
तिमीलाई धन्यताको साथ बिहे को शुभकामना।



**लेखक :बब्लु शर्मा**
**ज. उ. न. पा. ७**

## ।। विवाह पंचमी ।।

सखी हे मिथिला नगरीया खुशयाली भेलै ना
आई घर घर मे देखियौ दिवाली भेलै ना
जनकपुर नगरी मे सिताके नगर छै
राम संग सिताके विवाह होरहल छै
घर घर लोक दिवाली मनबै छै
आई जनकपुर मे सब खुशयाली मनबै छै
सखी हे अयोध्या सँ देखुन बराती एलै
आई पुरे मिथिला मे दियाबाती भेलै
हाथी घोरा पालकि जनकपुर एलै
जनकपुर बासी कते खुशी भेलै
लह लह करै छै जनकपुर नगरी
मिथिला बासी लगौने छै मुरेठा पगरी
सखी हे चलु चलु देख लेल जनकपुर नगरी
आई विवाह पंचमी के करै छी
करै छी दिवाली
सखी हे जनक के नगरी कते छै सजल
सिता के विवाह मे सभे छै लागल
आई जनकपुर नगरी दिवाली भेलै ना
सिता जी के राम सँ विवाह भेलै



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार**
**दोहा कतार**

## ।। दहेज ।।

गुमराह करैछै बेटावला सब दहेज के नाम प नगद माँइगक
बेटीयो बलासब लालन पालन आ शिक्षित बनाइने रहइछै बहुतो दुलार स
बेटा बेटी दुनु एके कोइख के सन्तान होइछै
बेटीबला कन्यादान करैछै अनजान घरमे
उपर स बेटाबला नगदी सेहो माँगैछै
दहेज प्रथा कुप्रथा बन्द करु लेनदेन बिवाहमे
लडका लडकि के सोनेचानी नै दिउ बिवाह मे लेकिन शिक्षा भरपुर दिउ संस्कार मे
विवाह मे गर गहना के माँग छै शिक्षा के से हो मुल्यांकन करु
लड़का लडकी बहुतै उरहइ जाइछै यि दहेजुवा कारण स
बहुते कोरट म्यारेज से हो कलैछै
दहेज हटाउ यी प्रथा बन्द करु खुइलक विरोध करु
आबबला पिढिके शिक्षा भरपुर दिउ
बियाहमे खुब खाउ लडकि आ सौखसृगार घर लाउ
नगद दहेजुवा लेलास लडका बलाके घर नै चलत
बलकि यि प्रथास कयौ बेटी सौचमे मजबुर भजाइत
शादी करु वइस पहिले शिक्षा आर्जन करु
करब नोकरी मिलत ढेर सारा सुख सौहरी
बेटी बोझनै बेटाबलाके तकदिर होइछै
बाल बिबाह बन्द करु दहेज प्रथा के अन्त करु
शिक्षा के सम्मान करु लडका बलाके भरम दुर करु
जिगरके टुकडा दैछै बेटाबलाके जिनगि भरला
शादी इक अटुट बन्धन एकरा दहेज के नाम प बदनाम नै करु
लडेका लडकि के युगल जोडिके जिवन निर्वाह करमे जोर करु
कन्या दान खुसी मान दहेज प्रथा बन्द कके लडकिबलाके सम्मान करु
जुगलजोडी के आबादी करु



**प्रमोद राम**
**जनकपुर धाम ९**

## ।। बाबा गणपति ।।

उ बोल्दैन तर मलाई सुने जस्तो लाग्छ
हेर्दा देख्दिन तर सँगै हुने जस्तो लाग्छ
सहि गलत बखूबी थाहा छ उस्लाई
ईसारा गर्छ तर मुख थुने जस्तो लाग्छ
दुःख र सुखको पातले टपरी उसैले बनाउछ
आकार बुझिन तर पत्र पत्र बुने जस्तो लाग्छ
गंगामा हात धोएर स्पर्श मिल्दैन उस्को
लौकिक नहोला तर कर्मले छुने जस्तो लाग्छ
दिनदुःखीको भाकामा सुनाउदा गाईने दाईले
रमाउछ सारङ्गी तर उ रुने जस्तो लाग्छ
जिन्दगीको यात्रामा लडेर फाटेको जीवन
फ्याक्न खोज्छु तर उस्ले तुने जस्तो लाग्छ
उ बोल्दैन तर मलाई सुने जस्तो लाग्छ
ईसारा गर्छ तर मुख थुने जस्तो लाग्छ



**लेखकः आयुष साह**
**जनकपुरधाम-०६(महावीर चौक)**
**मदर टेरेसा पब्लिक स्कुल कक्षा ४**

## ।। आइ चलु जनक आँगना ।।

जखन अउली हम हँसते, अपन जनकके अँगना में
नै पुछु कि हम कोन स्वर्ग भेटली , अपने इ माइट में ।
दुलहिन जेना सजल धजल छथि , आजु हमर जनक दुलारी
अबैत छथि रामभद्र अयोध्या स, लेने सभे बियाहक बराती ।
धन्य भगेल रामभद्र , जखन पौलक जनकपुर सन ससुरारी
नै पुछु आजु कते गाली परह तै , मिलके अपन मिथलानी ।
हजारौं राजा सभक सभामे राखल, रामभद्र तोरलखिन उहे धनुष के
फुइल गेलै रंगविरंगी फूल सब , चारौ भर अही मिथिला में ।
छुपाब नै सकब ओइ खुसीके, जे पउली जनक अँगना आइब के
सुन्दर कला सुन्दर संस्कृति छै , नै जायीब आब मिथिला छोइर के ।



**नरेन्द्र साह**
**मोडेल मल्टिपल कलेज जनकपुर**

## ।। अन्धो सरकार ।।

देश खरबौ ऋणमा डुबयो
आफैं उखान भन्दै हिडियो॥१॥
जनता गुहार माग्दै सितियो
युवाहरु विदेश तिर उडियो॥२॥
बुद्धिजीवी ले चम्चा गिरी गर्यो
वृद्धहरु पेन्सन मे लोभियो ॥३॥
अरुले त मासु भात मै मातियो
काण्ड लुकाउने सतामा आयो ॥४॥
महारीनालाई अब छुटकारा भेटियो
आऊने सन्ततीको भविष्य अध्यारो भयो॥५॥



**लेखकः उज्ज्वल झा**
**शिक्षाः स्नातक तेस्रो वर्ष जारी**
**स्थायी ठेगानाः महोत्तरी**
**हाल : UAE**

## मनोरञ्जन क्षेत्रमा हिंसा : 'रङ्गीन' क्षेत्र नै 'रङ्गहीन'

**टीकाराम सुनार**

देशको राजधानी, सिन्धुपाल्चोककी शान्तिमाया लामाका लागि कुनै बेला सपनाको सहर थियो । रङ्गहीन जीवनमा रङ्ग भर्ने सपनाका कारण यो सहर उहाँका लागि अन्तिम गन्तव्य बन्यो । अनि सुरु भयो उमेरले १४ नकट्दै सपना पछ्याउने यात्रा । "हो, जीन्दगी रङ्गहीन नै थियो, बुबाले अर्को बिहे गरेर हामीलाई जीवित भएर पनि टुहुरो बनाउनुभयो । लालनपालन, पठनपाठनको ठेगान थिएन, आर्थिक अवस्था कमजोर भएपछि यस्तै हुँदोरहेछ", शान्तिमायाले भन्नुभयो, "त्यसैले सिन्धुपाल्चोकमा पूरा हुन नसकेका सपना काठमाडौँमै पूरा गर्ने अभिलाषासहित बाल्यकालमै घरको आँगन छोड्नुपर्‍यो ।"

कलिलो उमेर, कलिलै सपना । पुग्नु धेरै पर थियो तर उडान भर्ने कसरी ? उत्तर थिएन उहाँसँग । "धेरैले भन्ने गर्थे काठमाडौँ त ठुलो सहर, अवसर पनि ठूलै होलान् । त्यसैले कामसँगै पढाई अगाडि बढाउँदै बाँकी सपना पछ्याउन पाइएला भन्ने सोचकी थिए । अहँ ! सोचेको पूरा भएन", शान्तिमायाले विगत स्मरण गर्दै भन्नुभयो ।

सीप थिएन, थियो त नृत्य गर्ने सौख । त्यसैले साथीभाइको लहलहमै सुरु भयो नृत्यशाला (डान्सबार, रोधीघर, दोहोरीसाँझ आदि) को खोजी । दिनभरि पढ्न पाइने, रातिराति काम गरे हुने, यस्तो सुनेपछि उहाँलाई लाग्यो योभन्दा उत्तम विकल्प अरु के होला ! तर सजिलो थिएन यस क्षेत्रमा गर्नुपर्ने सङ्घर्ष । यो प्रसङ्ग सुरु हुँदै गर्दा उज्यालो शान्तिमायाको अनुहार धपक्क निभे झैं भयो । "घरको कमजोर अवस्थाले १५ वर्षको कलिलो उमेरमै काठमाडौँतर्फ डोहोर्‍यायो, साथीभाइको लहलहैले दोहारी साँझ । त्यसपछि जीन्दगीको अध्यारो यात्रा सुरु भयो", शान्तिमायाले मनको बह पोख्न सुरु गर्नुभयो ।

नयाँ ठाउँ, नयाँ परिवेश । नयाँ सपना, नयाँ जोश । शान्तिमायामा धेरै दिन टिकेन त्यो । "मसँग राम्रो लुगा पनि थिएन । साहुँले लुगा, बस्ने ठाउँसहित काम त दिन्छु तर तीन महिना कामसम्म तलब हुँदैन, सामान्य खर्चका लागि रु तीन हजार मात्रै दिन्छु भने । अरु विकल्प थिएन, वेटरका रूपमा काम गर्न राजी भएँ", उहाँले भन्नुभयो,"अध्याँरो, डरलाग्दो ठाउँ । चुरोट, जाँडरक्सी खाने मान्छे, मात लागेपछि होस गुमाउने, छुन खोज्ने, मलाई नै मद्यपान गर्न लगाउने । साहुलाई भन्दा ठीकै छ नि त, धेरै सामान बेचियो भने तिमीलाई पनि त पैसा आउँछ भन्थे । मलाई त बेचबिखनमै परेजस्तो लाग्यो सुरुकै दिन ।"

तीन महिना कट्यो तर तलब बढेन । त्यही बीचमा शान्तिमायाको सहकर्मीसँगै प्रेम भयो र नयाँ ठाउँमा जागिर । त्यहाँ उहाँको तलब रु पाँच हजार तोकियो । १५ वर्ष नकट्दै विवाह भयो । यहाँ पनि सोचेजस्तो भएन । यो सङ्घर्षको अर्को चरण थियो । शान्तिमायाले भन्नुभयो,"प्रेम, विवाह र सङ्घर्ष एकैपटक सुरु भयो । नयाँ जागिर सुरु गरेको केही समयमै गर्भ रह्यो । तीन महिनापछि काम गर्न नसक्ने भएपछि साहुँले कामबाट निकाले । फेरि बेरोजगार । श्रीमानको व्यवहार परिवर्तन भयो, हिंसा गर्न थाल्नुभयो । कलिलै उमेरमा गर्भ, त्यसैमाथि हिंसा, उफ !"

कैयन दुःख सहेर छोरी जन्मिइन् । श्रीमान् थप हिंश्रक बन्न थाले । छोरी एक वर्षकी भएपछि शान्तिमायाले फेरि काम सुरु गर्नुभयो । पहिले वेटरको काम गर्ने उहाँलाई अब स्टेज भएको ठाउँमा डान्सरको रूपमा काम गर्ने मन लाग्यो । अरु काम गर्दा हिंसा बेहोर्नुपरेकी उहाँलाई यस्तो काम गर्दा सजिलो होला भन्ने लागेको थियो । "छोरीलाई कोठामा थुनेर जान्थे । कार्यस्थलमा नथाकुञ्जेल नाच्ने, ग्राहकसँग बस्नुपर्ने । नचाहँदा नचाँदै पिउनुपर्ने, ग्राहकको रुचिअनुसार गर्नुपर्ने । घरमा श्रीमान् थप पीडा दिन थाले । अन्ततः सम्बन्ध टुट्यो", उहाँले पीडा सुनाउनुभयो,"काममा समस्या, त्यसैमाथि श्रीमान्को ज्यादति । १५ वर्षमा प्रेम र विवाह, १६ वर्षमा बच्चा र १७ वर्ष नपुग्दै सम्बन्ध विच्छेद । अहिले छोरी आठ वर्षकी भइन् । जीन्दगी जेनतेन चलेकै छ ।"

उहाँले रोजगारीका दौरान पटकपटक शारीरिक, मानसिक र यौनजन्य हिंसा भोग्नुपरेको सुनाउनुभयो । महिला हिंसाविरुद्धको १६ दिने अभियानका क्रममा काठमाडौँको एउटा कार्यक्रममा भेटिएकी शान्तिमायाले आफूले भोगेजस्तो समस्या मनोरञ्जन क्षेत्रका धेरैले भोग्न बाध्य हुनुपरेको सुनाउनुभयो ।

लाखौं मान्छेलाई रोजगारी दिइरहेको मनोरञ्जन तथा सत्कार सेवा क्षेत्र आवरणमा रङ्गीन देखिए पनि व्यवहारमा रङ्गहीन रहेको उहाँको कथन छ ।

# पूर्वप्रधानमन्त्री खनाल र चीनका उपप्रधानमन्त्री छुएश्याङबीच भेटवार्ता



काठमाण्डु । चीन भ्रमणममा रहनुभएका नेकपा (एकीकृत समाजवादी) का सम्मानित नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनाल र जनवादी गणतन्त्र चीनका उपप्रधानमन्त्री दिङ छुएश्याङबीच शुक्रबार भेटवार्ता भएको छ । उहाँहरुबीच बेइजिङस्थित ग्रेट हल अफ द पिपलमा भेटवार्ता भएको हो ।

भेटवार्तामा पूर्वप्रधानमन्त्री खनालले आधुनिककरणको प्रक्रियाबाट चीनले गरेको विकास तथा आर्थिक प्रगतिको सराहना गर्नुभयो । चिनियाँ उपप्रधानमन्त्री छुएश्याङले चीन बहुध्रुवीकरण र न्यायपूर्ण तथा समानतापूर्ण विश्व व्यवस्थाको पक्षमा रहेको उल्लेख गर्दै विश्वशान्ति, शान्तिपूर्ण सहअस्तित्व र विकास तथा समृद्धितर्फ सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गर्नुभयो ।

चाइना इन्स्टिच्युट फर इनोभेसन एण्ड डेभलपमेन्ट स्ट्राटेजी, चाइनिज पिपुल्स इन्स्टिच्युट अफ फारेन अफेयर्स र ग्वाङ्झाउ प्रान्तिय जनसरकारको संयुक्त आयोजनामा ग्वाङ्झाउमा आयोजित अन्डरस्ट्यान्डिङ चाइना कन्फरेन्समा सहभागी हुन गत शनिबार ग्वाङ्झाउ पुग्नुभएका पूर्वप्रधानमन्त्री खनालले चीनको टेलिभिजन नेटवर्क (सिजीटीएन)सँग अन्तर्वार्ताका क्रममा नेपाल-चीन सम्बन्ध, बीआरआई परियोजना र आफू सहभागी भएको अन्डरस्टाण्डिङ चाइना कन्फरेन्सका बारेमा चर्चा गर्नुभएको थियो ।

पूर्वप्रधानमन्त्री खनाल यही मङ्सिर २२ गते स्वदेश फिर्ता हुने कार्यक्रम रहेको नेकपा (एकीकृत समाजवादी) का विदेश विभाग सचिव शङ्कर खतिवडाले जानकारी दिनुभयो ।रासस

# ‘राइड सेयरिङ’लाई वैधानिकता दिनेछौँः मुख्यमन्त्री पाण्डे

गण्डकी । गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले यात्रु बोक्ने ‘राइड सेयरिङ’ कम्पनीलाई वैधानिकता दिने बताउनुभएको छ । प्रदेश नीति तथा योजना आयोगद्वारा शुक्रबार पोखरामा आयोजित प्रदेश विकास समस्या समाधान समितिको बैठकमा उहाँले प्रदेशको



सवारी तथा यातायात व्यवस्था नियमावली-२०८० अनुसार ‘राइड सेयरिङ’ले कानुनी मान्यता पाउने जानकारी दिनुभयो ।

“उक्त नियमावली मन्त्रिपरिषद्बाट पास हुने क्रममा छ, यातायात व्यवसायीसँग पनि ‘राइड सेयरिङ’लाई कानुनी दायरामा ल्याउने विषयमा विभिन्न चरणमा छलफल भइसकेको छ”, मुख्यमन्त्री पाण्डेले भन्नुभयो, “यातायात व्यवस्थापनसम्बन्धी अधिकार प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेकाले आवश्यक कानुनी प्रबन्ध गरेर राइड सेयरिङलाई वैधता दिन लागिएको हो ।” उहाँले सर्वोच्च अदालतले पनि कानुनी दायरामा ल्याएर ‘राइड सेयरिङ’ सञ्चालन गर्न सकिने फैसला गरेको उल्लेख गर्नुभयो ।

यसअघि गत असारमा प्रदेश राजधानी पोखरामा अनधिकृत रूपमा ‘एप’मार्फत ‘राइड सेयरिङ’ गरी यात्रु बोक्ने कार्यलाई प्रदेशको यातायात मन्त्रालयले रोक लगाएको थियो । यातायात व्यवसायीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ विपरीत रातो नम्बर प्लेट भएका सवारीसाधनले यात्रु बोक्न नपाउने भन्दै विरोध जनाउँदै आएका छन् ।

प्रदेश सरकारले बनाएको नियमावलीमा निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त चारपाङ्ग्रे तथा दुईपाङ्ग्रे सवार ीसाधनले यात्रु बिमासहित तोकिएको प्रक्रिया पूरा गरेर बोक्न पाउने व्यवस्था छ ।

मन्त्रिपरिषद्बाट नियमावली पास भएपछि मापदण्ड र कार्यविधि बनेपछि मात्र निजी सवारीसाधन ‘राइड सेयरिङ’मा दर्ता हुन पाउनेछन् ।रासस

# विवाह पञ्चमी पर्वले राष्ट्रिय एकतालाई प्रश्रय मिल्छ : उपराष्ट्रपति यादव



काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले ‘विवाह पञ्चमी’ पर्वले सामाजिक र राष्ट्रिय एकतालाई प्रश्रय मिल्ने विश्वास व्यक्त गर्नुभएको छ । विवाह पञ्चमीको सुखद अवसरमा शुक्रबार स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि र सु-स्वास्थ्यका लागि शुभकामना व्यक्त गर्दै विभिन्न जाति र समुदायका मानिस सामूहिक रूपमा एकसाथ मिलेर ‘विवाह पञ्चमी’ पर्व मनाउनुले सामाजिक र राष्ट्रिय एकतालाई प्रश्रय मिल्ने विश्वास व्यक्त गर्नुभएको हो ।

विवाह पञ्चमीले भगवान् श्रीराम र माता सीताको दिव्य विवाहको सम्झना गराउँदै प्रेम, आदर, सदाचार, सत्कार, विश्वास र सद्भावको भावनालाई उजागर र अनुशरण गर्नमा सहयोग पुग्ने विश्वास छ। परापूर्वकालदेखि यसको धार्मिक, सांस्कृतिक र सामाजिक महत्व एवं उपादेयता रहँदै आएको छ। विवाह पञ्चमी मनाउने परम्परा, विधि, विधान र अनुष्ठान मौलिक छन् ।

खासगरी मधेश प्रदेशको राजधानी जनकपुरधाममा महोत्सवका रूपमा साताव्यापी यो पर्व मनाइन्छ । यो महोत्सव राम-सीताको प्रतिमा र झाँकीसहित ‘नगरदर्शन’ बाट सुरु भई ‘फूलबारी लीला’, ‘ धनुष यज्ञ’, ‘तिलकोत्सव’, ‘ मटकोर’, ‘राम-सीताको स्वयंवर-विवाह’ अनुष्ठान गर्दै अन्तिम दिन ‘रामकलेवा’ गरी सम्पन्न हुन्छ । यस अवसरमा सीता र रामको विशेष पूजाअर्चना गर्दा परिवार, समाज र देशमा सुख, शान्ति र समृद्धि प्राप्त हुने जनविश्वास रहिआएको छ ।

“विवाह पञ्चमीलाई समाजमा सत्यको आदर्शहरूलाई प्रोत्साहित गर्ने अवसरका रुपमा लिन सक्नु पर्दछ, यसले भगवान् राम र माता सीताको जीवनबाट प्रेरणा लिँदै हामीलाई पारिवारिक र सामाजिक जीवनमा नैतिक मूल्यहरू अवलम्बन गर्न अभिप्रेरित गर्न सकोस्”, उपराष्ट्रपति यादवले भन्नुभएको छ ।

विवाह पञ्चमीका अवसरमा आयोजना गरिने लोकनृत्य, लोकसङ्गीत र लोकगीत गायन, लोक झाँकी एवं परम्परागत शोभायात्राले हाम्रो मौलिक संस्कृतिलाई जीवन्त बनाइराख्न सहयोग पुग्ने उपराष्ट्रपति यादवको भनाइ छ । विवाह पञ्चमीका अवसरमा रामायणको कक्षाका माध्यमबाट नैतिक शिक्षा र जीवन मूल्यहरूलाई जन-जनसम्म पुर्याउने महत्त्वपूर्ण कार्य हुन्छ ।

“त्रेतायुगमा भएको भनिएको राम-सीताको विवाहको झझल्को दिनेगरी सम्झनास्वरुप जनकपुरधाममा प्रतीकात्मक राम-सीताको विवाह गराउने परम्परा छ, त्यसका लागि भारतको अयोध्याबाट सन्त महन्थहरूसहितको श्रद्धालु भक्तजनहरूको जन्ती जनकपुरधाम पुग्ने पौराणिक रीतिरिवाजले नेपाल र भारतबीचको ऐतिहासिक, रोटीबेटी, सांस्कृतिक र धार्मिक सम्बन्धलाई थप प्रगाढ, सुदृढ र बलियो बनाउने विश्वास लिएको छु”, उहाँले भन्नुभएको छ ।रासस

# ऊर्जामन्त्री खड्काद्वारा जमुनी सिँचाइ आयोजनाको स्थलगत निरीक्षण

बारा। ऊर्जा तथा सिँचाइमन्त्री दीपक खड्काले जमुनी सिँचाइ आयोजनाको शुक्रबार स्थलगत निरीक्षण गर्नुभएको छ । गढीमाई मन्दिरमा दर्शनका लागि बारा आइपुग्नुभएका सिँचाइमन्त्री खड्का मन्दिर दर्शनपश्चात जमुनी सिँचाइ आयोजनाको निरीक्षण गर्नुभएको हो ।



निरीक्षणका क्रममा मन्त्री खड्काले पचरौता नगरपालिका, आदर्श कोतवाल गाउँपालिका र सिम्रौनगढ नगरपालिका तथा छिमेकी जिल्ला रौतहटको सिँचाइ समस्या समाधानका लागि आदर्श कोतवाल गाउँपालिका-८ ददरङ्गवास्थित सिँचाइ आयोजना अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले तत्काल ठेक्का प्रक्रिया अगाडि बढाउन सम्बन्धित अधिकारीलाई निर्देशन दिँदै कामको थालनीका लागि आवश्यक सहयोग गर्ने बताउनुभयो । सिँचाइबाट बारा र रौतहटका नौ हजार पाँच सय हेक्टर जमिन सिँचाइ गर्ने लक्ष्य लिएको पर्साको वीरगञ्जस्थित नारायणी सिँचाइ कार्यालयले जनाएको छ ।

विसं २०७२ माघदेखि आयोजनाको काम सुरू भएको थियो । रू २२ करोड ४० लाख ५१ हजार एक सय ४५ लागतमा निर्माण सुरू भएको हो । जमुनी सिँचाइ आयोजनामा कुल लागत रू एक अर्ब छ ।

जसमा रू ७० करोड बराबरको काम सम्पन्न भइसकेको र रू ३० करोड काम बाँकी छ । अर्थ मन्त्रालयबाट रकमको स्रोत सहमति हुनेबित्तिकै बोलपत्र प्रक्रिया हुनेछ र बाँकी कामलाई बोलपत्रमार्फत तुरून्तै सुरू गर्ने मन्त्री खड्काले बताउनुभयो ।रासस

# वाइडबडी विमान खरिदमा चार जना दोषी ठहर

काठमाण्डु । विशेष अदालत काठमाडौँले नेपाल वायुसेवा निगमको विमान खरिदमा अनियमितता भएको ठहर गर्दै तत्कालीन महाप्रबन्धक सुगतरत्न कङ्साकारसहित चार जनालाई जेल सजाय सुनाएको छ ।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर र सदस्यद्वय तेजनारायणसिंह राई तथा रितेन्द्र थापाको इजलासले निजहरूलाई दोषी ठहर गरेको हो ।

अदालतले निगमका तत्कालीन महाप्रबन्धक कङ्साकारलाई दुई वर्ष नौ महिना कैद हुने फैसला गरेको छ । त्यसमा बिगो रु एक अर्ब ४७ करोड १० लाखको दामासाही हुने रु १२ करोड २५ लाख ९० हजार चार सय ५६ जरिवाना गरिएको छ । निजले ज्येष्ठ नागरिक ऐनअनुसार ५० प्रतिशत सजाय छुट पाउने छन् ।

निगमका सञ्चालक समितिका तत्कालीन अध्यक्ष एवं पर्यटन मन्त्रालयका सचिव शङ्करप्रसाद अधिकारीलाई एक वर्ष नौ महिना कैद सजायको फैसला भएको छ। दामासाहीले हुने रु १२ करोड २५ लाख ९० हजार चार सय ५६ जरिवाना भने सोही बराबरको बिगो जफतसमेत हुने फैसलामा उल्लेख छ ।





विशेष अदालतले पूर्वसचिव एवं तत्कालीन निगम सञ्चालक समिति सदस्य शिशिरकुमार ढुङ्गानालाई एक वर्ष छ महिना कैद सजाय सुनाएको छ। ढुङ्गानालाई कुल बिगोको दामासाही हुने रु १२ करोड २५ लाख ९० हजार चार सय ५६ जरिवाना हुने फैसला भएको छ।

पर्यटन मन्त्रालयका तत्कालीन सहसचिव बुद्धिसागर लामिछानेलाई पनि एक वर्ष छ महिना कैद सजायको फैसला भएको छ। दामासाहीले हुने रु १२ करोड २५ लाख ९० हजार चार सय ५६ जरिवाना लामिछानेलाई हुनेछ।

बिगो असुलउपरको फैसला लामिछानेलाई पनि लागू हुनेछ।

अदालतले जहाज खरिद प्रक्रियामा संलग्न विदेशी कम्पनीका तीन प्रतिनिधिलाई पनि दोषी ठहर गरेको छ।

ती कम्पनीका प्रनिनिधिलाई एक वर्ष छ महिना कैद र दामासाहीले हुने रु १२ करोड २५ लाख ९० हजार चार सय ५६ जरिवानाको फैसला गरेको छ।

अदालतले तत्कालीन संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनबहादुर शाहीलाई सफाइ दिएको छ।

उक्त प्रकरणमा दुई विदेशीसहित २७ प्रतिवादीले अभियोगबाट सफाइ पाएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वाइडबडी खरिदमा भ्रष्टाचार भएको उल्लेख गर्दै मुद्दा दायर गरेको थियो ।रासस

# एक महिनाभित्र एआई नीति ल्याइन्छ : सञ्चारमन्त्री गुरुङ

काभ्रेपलाञ्चोक । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले अब छिट्टै आर्टिफिसिएल इन्टिलिजेन्स् (एआई) नीति ल्याउने बताउनुभएको छ । उहाँले काठमाडौँ विश्वविद्यालयको कम्प्युटर क्लबद्वारा शुक्रबार धुलिखेलमा आयोजित ‘ आइटी मिट-२०२४’को उद्घाटन गर्दै एक महिनाभित्र एआईको नीति ल्याई आवश्यक कानुन बनाउने पक्षमा सरकार क्रियाशील रहेको बताउनुभयो ।

“एआईको कानुन बनाएपछि सूचना प्रविधिमार्फत थप कार्यक्रम ल्याउन सकिन्छ, यसका लागि मन्त्रालयमा गृहकार्य भइरहेको छ”, सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले भन्नुभयो। नेपाल आइटीको दशकमा प्रवेश गरेको भए पनि त्यसबाट अहिलेसम्म उल्लेख्य फाइदा लिन नसकेको चर्चा गर्दै उहाँले विषयविज्ञहरूसँग छलफल तथा अन्तरक्रिया गरी आवश्यक नियम कानुन बनाएर मुलुकलाई ‘आइटी हब’ का रुपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, “एआईको जमाना आइसक्यो, अहिलेसम्म नेपालका सबै सरकारी संयन्त्र ई-गभर्नेन्समा गईसक्नुपर्थ्यो, त्यस्तो हुन सकेको देखिएन, डिटिजल नेपाल फ्रेमवर्कका लागि भए पनि एआईसम्बन्धी कानुन यथाशक्य छिटो तयार गरी कार्यान्वयनमा जानेछौँ ।”राज्य संयन्त्रअन्तर्गतका निकायमा ई-गभर्नेन्स लागू गर्न सकिए भ्रष्टाचार नियन्त्रण हुने विश्वास व्यक्त गर्दै सञ्चारमन्त्री गरुङले भन्नुभयो, “डिजिटल नेपाल फ्रेमवर्कमार्फत ई-गभर्नेन्सलाई लागू गर्न सक्छौँ, त्यसपछि मात्र भ्रष्टाचार नियन्त्रण गर्न सहज हुन्छ ।”

‘डिजिटल नेपाल फ्रेमवर्क’लाई पहिलो चरणमा सरकारी तहबाटै सुरु गर्ने पक्षमा वर्तमान सरकार रहेको जानकारी दिँदै सञ्चारमन्त्री गुरुङले भन्नुभयो, “अहिले २२ मन्त्रालय रहेको सङ्घीय सरकार, सात प्रदेश सरकार र सात सय ५३ वटा स्थानीय तहसमेत गरी देशमा सात सय ६१ सरकारसहित मातहतका सबै सरकारी कार्यालयमा ई-गभर्नेन्सको कार्यक्रम लागू गर्न सकिए भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ भन्नेमा म विश्वस्त छु, त्यसका लीग आवश्यक नियम-कानुन बनाउने कामलाई मन्त्रालयले उच्च प्राथमिकता दिएको स्पष्ट गर्दछु ।”

उहाँले आवश्यक नियम, कानुनसहित ई-गभर्नेन्स कार्यान्वयन भएपछि मुलुकका तीनै तहका सरकारका नीति तथा कार्यक्रम, योजना र बजेट व्यवस्थापन प्रक्रिया सहज भई अपेक्षित परिणाम प्राप्त हुने धारणा व्यक्त गर्दै त्यसका पक्षमा वर्तमान सरकार क्रियाशील रहेको बताउनुभयो ।रासस

# न्यायालयलाई पारदर्शी र विश्वसनीय बनाउन गोला प्रणाली उपयुक्त छ : प्रधानन्यायाधीश राउत

काठमाण्डु । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले न्यायालयलाई पारदर्शी र विश्वसनीय बनाउन गोला प्रणालीबाट पेसी व्यवस्थापन गरिएको बताउनुभएको छ ।

सर्वोच्च अदालतमा गोला प्रणालीबाट हुने पेसी व्यवस्थापन प्रक्रिया अवलोकन गर्न शुक्रबार आयोजित पत्रकार सम्मेलनमा प्रधानन्यायाधीश राउतले न्यायालयलाई पारदर्शी र विश्वसनीय बनाउन पेसी व्यवस्थापनमा गोला प्रणाली अवलम्बन गरिएको बताउनुभयो ।

“न्यायालयलाई पारदर्शी र विश्वसनीय बनाउन जरुरी छ, गोला प्रणालीको प्रयोगपछि यसले पूर्णता पाएको छ”, प्रधानन्यायाधीश राउतले भन्नुभयो, “हरेक दिन गोला प्रणालीले गर्दा इजलासमा आउने नयाँ विषयका विषयमा पनि छलफल गरिन्छ, समस्या देखिए कानुनी बाटो खोजेर सल्टाउने काम गरिन्छ ।” उहाँले इजलासमा हरेक दिन केही नयाँ विषय आउने गरेको र पुराना मुद्दाका साथै धेरै



मुद्दाको आदेश वा फैसला गरेका विषयमा पनि छलफल हुने गरेको जानकारी गराउनुभयो ।

सर्वोच्च अदालतमा २०७८ मङ्सिर १५ गतेदेखि गोला प्रणालीबाट मुद्दाको पेसी व्यवस्थापन गर्न थालिएको हो । सोही वर्ष माघ २ गतेदेखि उच्च अदालत र जिल्ला अदालतमा पनि गोला प्रणालीबाट मुद्दाको पेसी व्यवस्थापन गर्न सुरु गरिएको हो । सिसौँको काठमा फरक-फरक रङ्ग लगाएका गोला रहेका छन् । ती गोलामा एकल इजलास, मुद्दाको समूह र न्यायाधीशको स‌ङ्‌ख्या राखिएको हुन्छ ।

गोलाहरु कालो एउटा झोलामा राखिन्छ अनी न्यायाधीशले त्यसलाई निकाल्ने गर्छन् । गोला तानेपछि इजलास गठन हुन्छ र मुद्दा कुन कुन पर्छ भन्ने थाहा हुन्छ ।

सर्वोच्च अदालतमा दैनिक बिहान १० बजेर १० मिनेटमा गोला प्रणाली सुरु हुन्छ। सर्वोच्च अदालतमा शुक्रबारसम्म २६ हजार ५१ थान मुद्दा रहेका छन् । आठ वर्ष नाघेका मुद्दा एक सय ५४ थान छन् । आठ वर्ष पुराना मुद्दा २०८२ सम्म शून्यमा झार्ने अभियानका साथ अदालतले काम गरिरहेको छ। सर्वोच्च अदालतमा प्रधानन्यायाधीशसहित १७ न्यायाधीश हुनुहुन्छ । नेपालको संविधानले प्रधानन्यायाधीशसहित २१ न्यायाधीश रहने व्यवस्था छ । तर समयमा पदपूर्ति नहुँदा न्यायाधीशको संख्या पूर्ण हुन सकेको छैन ।रासस

# सत्य निरुपण तथा मेलमिलाप आयोग गठनको अन्तिम तयारी

म्याग्दी । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपमहासचिव प्रदीप ज्ञवालीले सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग गठनको अन्तिम तयारीमा सरकार रहेको बताउनुभएको छ ।

प्रेस चौतारी नेपाल जिल्ला शाखा म्याग्दीले शुक्रबार बेनीमा आयोजना गरेको पत्रकार भेटमा नेता ज्ञवालीले राजनीतिक सहमतिको आधारमा निर्माण भएको सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानविनसम्बन्धी ऐन कार्यान्वयनका लागि आयोगको पदाधिकारी चयनको प्रक्रिया अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो ।

“सिफारिस समितिले आयोगका पदाधिकारीको छनोट गरेर सूची सार्वजनिक गर्ने छ । एक-दुई दिनमा आयोग गठन गर्ने सरकारको तयारी छ”, उहाँले भन्नुभयो, “आयोग गठन भएपछि २० वर्षदेखि थन्किएर रहेका शान्ति प्रक्रियाका बाँकी कामले पूर्णता पाउने, पीडितले न्याय पाउँनेछन् ।

”नेता ज्ञवालीले सरकारले सहकारी संस्थामा देखिएको समस्या समाधान गर्ने शक्तिशाली नियमनकारी निकायको गठन र बचतको सुरक्षाका लागि कर्जा सुरक्षण कोष बनाउने तयारी गरिरहेको जानकारी दिनुभयो ।

“सहकारी संस्थामा विकृति र बेतिथि मौलाएको महसुस गरेर नियमनकारी निकाय बनाउने तयारीसँगै र जोखिममा परेकाको बचतलाई फिर्ता गराउने काममा सरकारले प्राथमिकता दिएको छ”, उहाँले भन्नुभयो, “सहकारीको बचत अपचलनमा जोडिएका जोसुकै पनि अनुसन्धानको दायरामा आउँछन् ।

” कानुन कार्यान्वयन गर्ने निकायलाई स्वतन्त्र ढङ्गले काम गर्ने दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

सरकारले विश्वका सबै देशसँग सन्तुलितसम्बन्ध स्थापित गराउने प्रयास गरिरहेको नेता ज्ञवालीको धारणा थियो । प्रधानमन्त्रीको चीन भ्रमणले सात वर्षअघि भएको बिआरआई सम्झौता कार्यान्वयनमा अघि बढेको उहाँले बताउनुभयो ।रासस

# सैन्य शासन घोषणा गरेपछि दक्षिण कोरियाका राष्ट्रपतिले 'आफ्नै दलका नेतालाई पक्रन आदेश दिएका थिए'

बीबीसी

काठमाण्डु । दक्षिण कोरियाका राष्ट्रपतिले गत मङ्लवार राति देशमा सैन्य शासन लगाउन 'मार्शल ल' घोषणा गर्दा आफ्नै पार्टीसहित केही नेताहरूलाई पक्राउ गर्न आदेश दिएको खुलेको छाउनले पक्राउ गर्न भनेका नेताहरूको सूचीमा उनकै दल पीपल्स् पावर पार्टी (पीपीपी)का हान दोङ-हून र प्रमुख प्रतिपक्षी दल डेमोक्र्याटिक पार्टीका ली जे-म्युङ र अन्य तीन सांसद परेको दक्षिण कोरियाको गुप्तचर निकाय 'न्याश्नल इन्टेलिजन्स सर्भिस'का उपनिर्देशक होङ जाङ-वोनले बताएका छन्।

उनका अनुसार राष्ट्रपतिले ती नेताहरूलाई "पक्रिन र आफ्नो बाटोबाट हटाउन" खोजेका थिए। दक्षिण कोरियाका राजनीतिक पार्टीहरूले राष्ट्रपतिविरुद्ध महाभियोग लगाउने योजना अगाडि बढाउन शुक्रवार आपत्कालीन बैठकहरू गर्दा यी कुराहरू खुलेका हुन्। महाभियोग प्रस्तावका लागि शनिवार मतदान हुन लागेको छ। डेमोक्र्याटिक पार्टीले उक्त प्रस्ताव पारित गर्न पुग्ने सङ्ख्या सुनिश्चित हुनासाथ मतदान हुने छादेशको संसद् सैन्य कानुन र शासनविरुद्ध उभिएपछि राष्ट्रपतिले केही घण्टापछि आफ्नो निर्णय फिर्ता गरेका थिए।

यून पदमा रहे जनतालाई 'खतरा'

राष्ट्रपतिकै पार्टीले पनि उनको विपक्षमा मतदान गर्न सक्ने सङ्केत देखिएको छ। उनको सत्तारूढ पार्टीका नेताले उनलाई तत्काल निलम्बन गर्नुपर्ने माग शुक्रबार गरेका छन्।राष्ट्रपति यून सत्तामा रहे त्यस्ले "ठूलो खतरा" निम्त्याउने जोखिम रहेको दाबी पीपल्स् पावर पार्टीका प्रमुख हान दोङ-हूनले बताए।



यूनले पनि राष्ट्रपतिले सैन्य शासन घोषणा गरेपछि "राज्यविरोधी भएको आरोपमा" प्रमुख नेताहरूलाई पक्राउ गर्न आदेश दिएको "विश्वस्त प्रमाण" आफूले फेला पारेको दाबी गरे।बुधवार दर्ता भएको यूनविरुद्धको महाभियोग प्रस्ताव विफल बनाउने सत्ताधारी पार्टीको यसअघिको अडानविपरीत पार्टी प्रमुखको यस्तो धारणा आएको हो।राष्ट्रपतिविरुद्ध महाभियोग प्रस्ताव पारित गर्न विपक्षी दलहरूलाई सत्ताधारी पार्टीका आठ सांसदको समर्थन आवश्यक छ।

देशलाई चकित पार्ने गरी दक्षिण कोरियाली राष्ट्रपतिले मङ्गलवार राति घोषणा गरेको सङ्कटकालीन सैन्य शासन छ घण्टामै फिर्ता भएको थियो। उनले "राज्यविरोधी शक्तिहरू" र उत्तर कोरियाबाट खतरा भएकाले सैन्य शासन लागु गरिएको बताएका थिए। तर उनको कदम बाह्य खतराभन्दा पनि आन्तरिक राजनीतिमा देखिएको समस्याका कारण चालिएको केही सममयमै प्रस्ट भइसकेको थियो।

सैनिक शासनका विपक्षमा १९० जना सांसदले मतदान गरेपछि राष्ट्रपति यूनको घोषणा फिर्ता भयो। संसद्को कारबाही स्थगित गरिनुका साथै भवनभित्र प्रवेश गर्ने बाटो समेत बन्द गरिए पनि पर्खाल चढेर र अवरोधहरू नाघेर सांसदहरू भवनभित्र प्रवेश गर्न सफल भएका थिए। पार्टी प्रमुख हानले यदि यून सत्तामा रहिरहेको अवस्थामा उनले 'मार्शल ल' घोषणा जस्ता "चरम कदम" चाल्नसक्ने शुक्रवार बताएका छन्।

"यी कुराले कोरियाली गणतन्त्र र यहाँका जनतालाई ठूलो खतरामा राखिरहेको छ," उनले भने।उनका अनुसार राष्ट्रपति यूनले विपक्षी नेताहरूलाई पक्राउ गरेर राजधानी सउलको दक्षिणमा रहेको ग्वाचनस्थित हिरासतमा राख्ने योजना बनाएका थिए।

विपक्षी नेताहरूले भने राष्ट्रपतिले फेरी पनि सैनिक शासन लागु गर्ने प्रयास गर्नसक्ने चिन्ता व्यक्त गरिरहेका छन्। केही विपक्षी सांसदले यसअघि बीबीसीसँग कुरा गर्दै आफूहरू त्यहाँको संसद् 'न्याश्नल असेम्ब्ली' भवन नजिकै बसिरहेको बताएका थिए। केही गरी पुनः 'मार्शल ल' घोषणा भएको अवस्थामा त्यसलाई मतदानबाट निष्क्रिय बनाउन आफूहरू नजिकै बसेको उनीहरूको भनाई थियो।यसैबीच एक जना सत्ताधारी पार्टीका सांसदले सार्वजनिक रूपमै यूनको महाअभियोगको समर्थन गरेका छन्।

चो क्युङ-ताईले भनेका छन्, "राष्ट्रपतिका कर्तव्य निलम्बन गरेर जनताको पक्षमा उभिने की मार्शल ल लागु गर्ने शक्तिहरूको सहयोगी बन्ने कुरा राजनीतिज्ञहरूले न्यायोचित रूपमा हेर्नुपर्ने कुरा हो।"

"मलाई आशा छ पिपल्स पावरका राजनीतिज्ञहरू जनताको पक्षमा उभिनेछन्," उनले भनेका छन्। राष्ट्रपति यूनको राजीनामा माग गर्दै राजधानी सउलमा विगत दुई दिन देखि निरन्तर सडक प्रदर्शनहरू भइरहेका छन्।सैन्य शासन लगाउने घोषणा गरेर "विद्रोह" गरेको आरोपमा उनीमाथि छानबिन थालिएको प्रहरीले बताएको छाराष्ट्रपति यूनविरुद्ध दर्ता भएको महाअभियोगको पक्षमा मतदान गर्न आग्रह गर्दै मानिसहरूले पिपल्स पावर पार्टीका सांसदहरूका मोबाइलमा सन्देश पठाइरहेको दक्षिण कोरियाली सञ्चार माध्यमले जनाएका छन्।

एक जना सांसद सिन सङ -बनले फेसबुकमा मार्फत् यस्ता ४००० वटा भन्दा धैरै सन्देश पाएको चोसन दैनिक पत्रिकाले जनाएको छास्थानीय सर्वेक्षण संस्था रियलमिटरले १० जनामध्ये सात जना कोरियालीहरू यूनको महाअभियोगका पक्षमा रहेको बिहीवार जनाएको छ। दक्षिण कोरियामा राष्ट्रपतिविरुद्ध महाभियोग लगाउन संसद् 'न्याश्नल असेम्ब्ली' का कुल ३०० सदस्यमध्ये दुई तिहाइ अर्थात् २०० जनाले मत दिनुपर्छ। विपक्षी दलसँग जम्मा १९० जना मात्रै सांसद छन्।

संसद्मा बहुमत भए पनि यूनविरुद्धको महाभियोग पारित गर्न विपक्षी दलहरूसँग आवश्यक सङ्ख्या पुग्दैन। उनीहरूलाई सत्तारूढ पार्टीका १०८ मध्ये कम्तीमा आठ सांसदको समर्थन आवश्यक पर्ने देखिएको छ।

सैन्य शासनको प्रयास गर्नुअघि यूनको लोकप्रियता घट्दो क्रममा रहेको सर्वेक्षणहरूले देखाएका थिए। त्यसको एउटा कारण उनीमाथि लागेको भ्रष्टाचारको अभियोग थियो भने अर्को कारण हालैको निर्वाचनबाट फेरिएको संसद्मा कम हुन पुगेको पार्टीको उपस्थितिपछि उनको शक्ति घट्नु थियो। अहिले दक्षिण कोरियाको संसद्मा विपक्षी दलको बहुमत छ।

# एनपिएल : कर्णाली याक्सद्वारा चितवन राइनोज पराजित




काठमाण्डु । सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) मा कर्णाली याक्सले पहिलो जित निकालेको छ । त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा शुक्रबार भएको खेलमा कर्णाली याक्सले चितवन राइनोजलाई ६ विकेटले हराएको हो । यसअघि कर्णालीले दुई खेलमा हार ब्यहोरेको थियो ।

चितवन राइनोजले कर्णाली याक्सलाई जितका लागि एक सय ३१ रनको लक्ष्य दिएको थियो । उक्त लक्ष्य कर्णाली याक्सले १९ दशमलव पाँच ओभरमा चार विकेट गुमाउँदै पूरा गरेको हो । कर्णालीका लागि शिखर धवनले सर्वाधिक ४५ रन बनाए । उनले ४१ बल खेल्ने क्रममा एक छक्का र चार चौका प्रहार गरे । यस्तै चाडविक वाल्टनले ३०, देव खनालले २५, जिशान मकसूदले १२ र अर्जुन घर्तीले ११ रनको योगदान दिए । बलिङतर्फ चितवनका लागि कप्तान कुशल मल्ल, रवि बोपारा र जान निकोल लोफ्टी-इटनले एक एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको चितवनले निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय ३० रन बनाएको थियो । चितवनका लागि रवि बोपाराले अविजित रहँदै अर्धशतकीय पारी खेले । उनले ४० बलमा एक छक्का र सात चौकाको मद्दतमा ५९ रन बनाए । कप्तान कुशल मल्लले २३, विपिन रावलले ११, जान निकोल लोफ्टी-इटन र अमर रौतेलाले नौ नौ तथा दीपक बोहोराले आठ रन बनाए ।

बलिङतर्फ कर्णाली याक्सका लागि विपिन शर्माले तीन, जिशान मकसूदले दुई तथा नन्दन यादव र कप्तान सोमपाल कामीले एक एक विकेट लिए ।

चितवनले यसअघि दुई खेल जितेको थियो । त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा अहिले लुम्बिनी लायन्स र पोखरा एभेन्जर्सबीच अर्को खेल भइरहेको छ । लुम्बिनीले टस जितेर अहिले ब्याटिङ गरिरहेको छ ।रासस

# एनपिएलः पोखराको पहिलो जित

काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपिएल) मा पोखरा एभेन्जर्सले पहिलो जित हात पारेको छ । त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा शुक्रबार भएको दोस्रो खेलमा लुम्बिनी लायन्सलाई १० विकेटले हराउँदै पोखराले पहिलो जित हात पारेको हो ।




लुम्बिनीले जितका लागि दिएको एक सय ७१ रनको लक्ष्य पछ्याएको पोखराले १६ दशमलव पाँच ओभरमा एक विकेट पनि नगुमाएर पूरा गरेको हो । पोखराको जितमा दुवै ओपनरको सानदार प्रदर्शन रह्यो । पोखराका लागि एन्ड्रिूज गौसले शतकीय पारी खेले । उनले ५५ बलमा पाँच छक्का र १२ चौका प्रहार गर्दै अविजित एक सय चार रन बनाए । एनपिएलमा गौसले अहिलेसम्मकै बढी रन बनाएर एनपिएलमा शतक बनाउने पहिलो खेलाडी बनेका छन् ।

पोखराका अर्का ओपनर दिनेश खरेल अर्धशतकीय पारी खेले । उनले पनि अविजित रहँदै ६१ रन बनाए । छ्यालिस बलमा चार छक्का र चार चौकाको मद्दतले उनले ६१ रन बनाए । यो खेलमा पोखराले अतिरिक्त ११ रन पाएको छ । एनपिएलमा यो पोखराको पहिलो जित हो ।

पोखरा आफ्नो पहिलो खेलमा चितवन राइनोजसँग ८७ रनको फराकिलो अन्तरले पराजित भएको थियो भने दोस्रो खेलमा जनकपुर बोल्ट्ससँग सात विकेटले पराजित भएको थियो । त्यसअघि टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय लिएको लुम्बिनीले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर एक सय ७० रन बनाएको थियो । लुम्बिनीका लागि कप्तान रोहित पौडेलले अर्धशतकीय पारी खेले । उनले अविजित रहँदै ५९ बलमा चार छक्का र १० चौका प्रहार गर्दै सर्वाधिक ९५ रन बनाए । टम मूर्सले ४५, सन्दीप जोराले १८ र विवेक यादवले दुई रनको योगदान दिए ।

लुम्बिनीका आशुतोष घिरैया र उन्मुक्त चन्द शुन्य रनमा आउट भएका थिए । यो खेलमा लुम्बिनीले अतिरिक्त १० रन प्राप्त गरेको थियो । पोखराका लागि विपिन खत्रीले दुई र म्याट क्रिचलेले एक विकेट हात पारेका थिए । एनपिएलमा लुम्बिनीको यो दोस्रो हार हो । यसअघि लुम्बिनी विराटनगर किङ्ग्ससँग दुई विकेटले पराजित भएको थियो ।रासस

# सिरियाली युद्धका कारण एक हप्तामा दुई लाख ८० हजार विस्थापित

एएफपी

जेनेभा । सिरियामा जारी द्वन्द्वका कारण एक साताको अवधिमा करिब दुई लाख ८० हजार मानिस विस्थापित भएका संयुक्त राष्ट्रसङ्घले शुक्रबार जनाएको छ ।विश्व खाद्य कार्यक्रमका आपतकालीन समन्वय प्रमुख समर अब्देलजाबरले जेनेभामा पत्रकारहरूसँग भन्नुभयो, "नोभेम्बर २७ देखि अहिलेसम्म दुई लाख ८० हजार विस्थापित भएको हामीलाई जानकारी प्राप्त भएको छ ।

दमास्कसबाट प्राप्त समाचार अनुसार सिरियाली सेनाले अब्जरभेटरी फर ह्युमन राइट्स) ले जनाएको छ । राइट्सका प्रमुख रामी अब्देल रहमानले भन्नुभयो, "हयात तहरीर अल-शाम र सहयोगी समूहहरू रास्तान र ताल्बिसेहलाई कब्जा गरेपछि होम्स शहरको बाहिरी इलाकाबाट पाँच किलोमिटर टाढा पुगेका छन् ।

उहाँले होम्सलाई नियन्त्रण गर्नाले विद्रोहीहरूले सिरियाली तटतर्फ जाने मुख्य सडक काट्न सक्ने बताउनुभएको छ । सरकारबाट दोस्रो शहर अलेप्पो कब्जा गरेको केही दिनपछि इस्लामिक समूह एचटीएस र सहयोगी लडाकुहरूले बिहीबार



सहयोगी राष्ट्र रूससहितका लडाकु विमानको सहयोगमा शुक्रबार हामा प्रान्तमा 'विद्रोहीका सवारी साधन र भेला' लाई निशाना बनाएको सिरियाली रक्षा मन्त्रालयले जनाएको छ ।"हाम्रो सशस्त्र बलले हामा प्रान्तको उत्तर र दक्षिणमा रहेका विद्रोहीका सवारी साधन र भेलालाई तोपखाना, क्षेप्यास्त्र र सिरियाली-रूसी लडाकू विमानको प्रयोग गरी निशाना बनाइरहेको छ," सैन्य स्रोतलाई उद्धृत गर्दै सिरियाली मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

यसैबीच, लेबनानको राजधानी बेरुतबाट प्राप्त जानकारी अनुसार इस्लामवादी नेतृत्वको विद्रोहीले शुक्रबार सिरियाको तेस्रो शहर होम्सबाट केही दूरीमा रहेका दुई रणनीतिक सहरलाई आफ्नो नियन्त्रणमा लिएको सिरियाली युद्ध अनुगमनकारी संस्था (सिरियन कब्जा गरेको हामाको दक्षिणमा होम्स छ ।विद्रोही सैन्य कमाण्डर हसन अब्देल घानीले शुक्रबार टेलिग्राममा एक वक्तव्य जारी गर्दै भन्नुभयो, "हाम्रो सेना होम्स शहरतर्फ निरन्तर अघि बढिरहेको छ ।

मार्च २०११ मा सिरियाको विद्रोह सुरु भएपछि शहरमा व्यापक विरोध प्रदर्शन भएका कारण होम्सलाई कुनै समय ' क्रान्तिको राजधानी' भनिएको थियो।द्वन्द्वको प्रारम्भिक वर्षहरूमा, होम्सले विपक्षी गुटहरू र सिरियाली सेनाबीच भीषण युद्धको मार खेपेका थिए । सन् २०१७ को मार्च र मे महिनाको बीचमा होम्सको विद्रोहीको कब्जामा रहेको अन्तिम किल्ला वेरबाट युद्धविराम सहमति अनुरूप हजारौंलाई सुरक्षित स्थानमा सारिएको थियो ।

# न्युजिल्याण्डको हिमालमा बेपत्ता भएका तीन आरोहीको मृत्यु

एएफपी

वेलिङ्गटन । न्युजिल्यान्डको सबैभन्दा अग्लो हिमाल माउन्ट कुक आरोहणका क्रममा बेपत्ता भएका तीन आरोहीको मृत्यु भएको प्रहरीले शुक्रबार जनाएको छ।

मृत्यु हुनेमा ५६ वर्षीय अमेरिकी कर्ट ब्लेयर र ५० वर्षीय कार्लोस रोमेरोसहित एक क्यानेडियन आरोही (परिवारको इच्छाअनुसार नाम गोप्य राखिएको) रहेका बताइएको छ ।दक्षिण टापुको तीन हजार ७०० मिटर अग्लो माउन्ट कुकको आरोहणबाट फर्कन नसकेपछि तीनै जना पाँच दिनअघि बेपत्ता भएका थिए ।

स्थानीय प्रहरी निरीक्षक विकी वाकरले भन्नुभयो, "शुक्रबार उनीहरू हराएको पाँचौं दिन पुगेको छ । उनीहरू बाँचेको हुनसक्ने कुनै आधार छैन।"खतरनाक मौसमका कारण तीन दिनसम्म खोजी कार्य रोकिएको थियो, तर शुक्रबारको अवस्थाले अल्पाइन इलाकामा खोजीका लागि हेलिकप्टर र ड्रोन तैनाथ गर्न सहज भएको छ ।

खोजी टोलीले यसअघि उनीहरूको भनिएको एक थान ज्याकेट, हिँउमा बाटो बनाउन प्रयोग गरिने हतियार (हाते बन्चरो) लगायतका सामग्री भेटिएको जनाएको छ । शुक्रबारको ड्रोन फुटेजमा पनि पदचिह्नहरू पछ्याइएको र उनीहरू तीनै जनाले जुरब्रिगेन पहाडको चुचुरो काटेको सङ्केतहरू पाइएका छन् ।

वाकरले भन्नुभयो, "पर्वतारोहीहरू कति दिनदेखि हराइरहेका छन्, उनीहरूसँग कुनै सञ्चार छैन, हामीले प्राप्त गरेका सामानहरू र आज हाम्रो टोलीको समीक्षापछि, ती व्यक्तिहरू बाँचेका हुनसक्ने कुनै आधार भेटिएन ।" वाकरले तीनै आरोहीका परिवारसँग सम्पर्क गरिएको बताउँदै र नयाँ सूचना वा विश्वसनीय दृश्य देखिएमा प्रहरीले पुनः खोजी कार्य सुरु गर्ने बताउनुभयो ।रासस

# भारतको केन्द्रीय बैङ्कद्वारा ब्याजदर यथावत राख्ने

एएफपी

मुम्बई । विश्वको पाँचौं ठूलो अर्थतन्त्र भारतको केन्द्रीय बैङ्कले मुद्रास्फीति जोखिमलाई आधार मानेर शुक्रबार ब्याजदरमा कुनै परिवर्तन गरेको छैन ।

रिजर्भ बैंक अफ इन्डियाले भनेको छ, "बैङ्कले सन् २०२३ फेब्रुअरीदेखि कायम रहेको महत्त्वपूर्ण ब्याजदर ६.५० प्रतिशतमा यथावत रहनेछ ।

"अमेरिकी फेडरल रिजर्भसहित विश्वका प्रमुख केन्द्रीय बैंकहरूले कम मुद्रास्फीतिलाई मध्यनजर गर्दै ब्याजदरलाई समायोजन गर्दै घटाउने सहज चक्र सुरु गरेका छन् ।




फेडले सेप्टेम्बरमा चार वर्षमा पहिलो पटक ब्याजदर कटौती गरेको थियो।भारतमा खुद्रा सामानको मुद्रास्फीति मौद्रिक नीति निर्माताहरूको चार प्रतिशतको लक्ष्यभन्दा माथि रहेको छ र अक्टोबरमा १४ महिनाको उच्च ६.२१ प्रतिशतमा पुगेको छ ।

आरबीआईका गभर्नर शतीकान्त दासले बैङ्कको मौद्रिक नीति समितिले 'आर्थिक वृद्धिको गति सुस्त भएको' कुरालाई ध्यानमा राखेको तर भारतको दृष्टिकोण ' लचिलो' रहेको बताउनुभयो।दासले भन्नुभयो, "प्रतिकूल मौसमी घटनाहरूको बढ्दो घटना, बढ्दो भूराजनीतिक अनिश्चितता र वित्तीय बजारको उतारचढावले मुद्रास्फीतिमा उल्टो जोखिम निम्त्याएको छ ।भारतीय रिजर्व बैंक (आरबीआई) ले केन्द्रीय बैङ्कमा निक्षेप गर्न ऋणदाताहरूको न्यूनतम नगद मौज्दात अनुपात ४.५ प्रतिशतबाट घटाएर ४ प्रतिशतमा झारेको छ ।

कम नगद मौज्दात अनुपात तरलता बढाउने उपाय हो किनकि यसले बैङ्कहरूलाई ऋण दिनको लागी अधिक पैसा दिन्छ ।

आर्थिक वृद्धिमा मन्दीको सङ्केत देखिए पनि केन्द्रीय बैङ्कले ब्याजदरलाई स्थिर राख्ने निर्णय गरेको हो ।भारतको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को वृद्धिदर सेप्टेम्बर त्रैमासिकमा ५.४ प्रतिशत रहेको छ, जुन सुस्त उत्पादन क्षेत्र र सुस्त सहरी उपभोगका कारण प्रभावित भएको छ ।

तथ्याङ्कले भारतलाई विश्वको सबैभन्दा तीव्र गतिमा वृद्धि भइरहेको प्रमुख अर्थतन्त्रको सूचीमा राखेको छ, तर यो सात त्रैमासिकमा विश्लेषकहरूको ६.५ प्रतिशतको अपेक्षाभन्दा कम अर्थात् सुस्त वृद्धि दर थियो ।

केन्द्रीय बैङ्कले चालू आर्थिक वर्षको मार्च ३१ सम्ममा आर्थिक वृद्धिदर ६.६ प्रतिशतमा खुम्चिने प्रक्षेपण गरेको छ ।आरबीआईले मे २०२२ देखि फेब्रुअरी २०२३ को बीचमा ब्याजदरमा २.५ प्रतिशत बिन्दुले वृद्धि गरेको थियो ।रासस

# दक्षिण कोरियाको सत्तारुढ दलद्वारा युनको राजीनामा माग

एएफपी

सियोल । दक्षिण कोरियाको सत्तारुढ दल, पिपुल्स पावर पार्टीका अध्यक्षले राष्ट्रपति युन सुक योलले देशको लागि ठूलो खतरा उत्पन्न गरेको भन्दै उहाँलाई पदबाट हटाउनु उचित भएको बताउनुभएको छ ।

युनको पिपुल्स पावर पार्टीका प्रमुख हान दोङ-हुनको आश्चर्यजनक टिप्पणीले शनिबार राष्ट्रपतिलाई महाभियोग लगाउन पर्याप्त सांसदहरूले मतदान गर्ने लगभग सुनिश्चितता गरेको छ । हानले बिहीबार महाभियोगलाई रोक्ने बताउनुभएको थियो । पार्टीका अर्का एक नेताले भने शनिबारको मतदानमा युनलाई समर्थन गर्न पीपीपीका सबै १०८ सदस्य एकजुट हुने बताउनुभएको छ ।

युनले मङ्गलबार राति सैनिक शासन (मार्शल ल) को घोषणा गरेर केही गलत गरेको स्वीकार गर्न इन्कार गर्नुभएका कारण शुक्रबार आफ्नो अडान परिवर्तन भएको हानले बताउनुभयो । हानले भन्नुभयो, "नयाँ तथ्यलाई ध्यानमा राख्दै गणतन्त्र कोरिया र त्यहाँका जनताको रक्षाका लागि राष्ट्रपति युन सुक योल जिम्मेवारीबाट शीघ्र निलम्बन हुन आवश्यक छ ।"

हानले भन्नुभयो, "युनले 'गैरकानुनी रूपमा हस्तक्षेप गर्ने' सैन्य अधिकारीविरुद्ध कुनै कारबाही गर्नुभएको छैन र उहाँले यो कदम गलत थियो भनेर स्वीकार गर्न अझै आनाकानी गरिरहनुभएको छ । त्यसैले, यदि राष्ट्रपति यूनले राष्ट्रपतिको पद धारण गरिरहनुभयो भने दक्षिण कोरिया र यहाँका जनताका लागि गम्भीर जोखिम छ । वर्तमान सङ्कटकालीन अवस्था जस्तै चरम कार्यहरू दोहोरिन सक्छ ।"

युनले मङ्गलबार अबेरसम्म नागरिक शासनलाई निलम्बित गर्दै संसदमा सेना तैनाथ गर्नुभएको थियो। विपक्षीहरूको विरोधका कारण केही घण्टामा नै उहाँले आफ्नो निर्णय परिवर्तन गर्न बाध्य हुनुपरेको थियो। दक्षिण कोरियाको ३०० सदस्यीय विधायिकामा विपक्षीको बहुमत छ र महाभियोगका लागि आवश्यक दुई तिहाइ बहुमत प्राप्त गर्न पीपीपीबाट केही सांसदले दलबदल गर्नु आवश्यक छ ।रियलमिटरले बिहीबार सार्वजनिक गरेको एक सर्वेक्षणअनुसार राजधानीका ७३.६ प्रतिशत उत्तरदाताले महाभियोगको समर्थन गरेका छन् ।

राष्ट्रपतिको राजीनामाको माग गर्दै हजारौं प्रदर्शनकारीले बिहीबार साँझ मध्य सियोल र संसद भवन नजिकै प्रदर्शन जारी राखेका छन् ।महाभियोग प्रस्ताव पारित भएमा संवैधानिक अदालतको फैसला नआउन्जेलसम्म युनलाई निलम्बन गरिनेछ । यदि न्यायाधीशहरूले सहमति दिएमा युनलाई महाभियोग लगाइनेछ र ६० दिनभित्र नयाँ निर्वाचन हुनुपर्नेछ।

# विदेशी मुद्राको विनिमय दर



काठमाण्डु । नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३५ रूपैयाँ २८ पैसा र बिक्रीदर एक सय ३५ रूपैयाँ ८८ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिददर एक सय ४२ रूपैयाँ ३९ पैसा र बिक्रीदर एक सय ४३ रूपैयाँ दुई पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर एक सय ७२ रूपैयाँ सात पैसा र बिक्रीदर एक सय ७२ रूपैयाँ ८३ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५३ रूपैयाँ एक पैसा र बिक्रीदर एक सय ५३ रूपैयाँ ६९ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८७ रूपैयाँ सात पैसा र बिक्रीदर ८७ रूपैयाँ ४५ पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रूपैयाँ २३ पैसा र बिक्रीदर ९६ रूपैयाँ ६५ पैसा, सिङ्गापुर डलर एकको खरिदार एक सय रूपैयाँ ८५ पैसा र बिक्रीदर एक सय एक रूपैयाँ २९ पैसा निर्धारण गरिएको छ। जापानी येन १० को खरिददर नौ रूपैयाँ एक पैसा र बिक्रीदर नौ रूपैयाँ पाँच पैसा, चिनियाँ युआन एकको खरिददर १८ रूपैयाँ ६२ पैसा र बिक्रीदर १८ रूपैयाँ ७० पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रूपैयाँ र बिक्रीदर ३६ रूपैयाँ १६ पैसा, कतारी रियाल एकको खरिददर ३७ रूपैयाँ ११ पैसा र बिक्रीदर ३७ रूपैयाँ २७ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर तीन रूपैयाँ ९६ पैसा र बिक्रीदर तीन रूपैयाँ ९८ पैसा, युएई दिराम एकको खरिददर ३६ रूपैयाँ ८३ पैसा र बिक्रीदर ३६ रूपैयाँ ९९ पैसा, मलेसियन रिङ्गेट एकको खरिदर ३० रूपैयाँ ३५ पैसा र बिक्रीदर ३० रूपैयाँ ६९ पैसा, साउथ कोरियन वन एक सयको खरिदर नौ रूपैयाँ ५४ पैसा र बिक्रीदर नौ रूपैयाँ ५८ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रूपैयाँ ३७ पैसा र बिक्रीदर १२ रूपैयाँ ४२ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रूपैयाँ नौ पैसा र बिक्रीदर १९ रूपैयाँ १८ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रूपैयाँ ३८ पैसा र बिक्रीदर १७ रूपैयाँ ४६ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३९ रूपैयाँ ९८ पैसा र बिक्रीदर चार सय ४१ रूपैयाँ ९३ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५८ रूपैयाँ ७७ पैसा र बिक्रीदर तीन सय ६० रूपैयाँ ३६ पैसा, ओमानी रियाल एकको खरिददर तीन सय ५१ रुपैयाँ ३७ पैसा र बिक्रीदर तीन सय ५२ रुपैयाँ ९३ पैसा तथा भारतीय रूपैयाँ एक सयको खरिददर एक सय ६० रूपैयाँ र बिक्रीदर एक सय ६० रूपैयाँ १५ पैसा तोकेको छ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ।रासस

# चार महिनामा दुई सय ६३ वटा उद्योग-व्यवसाय बन्द

घोराही। चालु आर्थिक वर्षको चार महिनामा दाङमा दुई सय ६३ वटा उद्योग तथा व्यवसाय बन्द भएका छन्। घरेलु तथा साना उद्योग कार्यालयका अनुसार बन्द हुनेमा एक सय नौ उद्योग र एक सय ५४ वटा व्यावसायिक फर्म रहेका छन्।

कार्यालयका अनुसार कात्तिकमा उद्योग १७ र वाणिज्यतर्फ २५ वटा गरेर ४२ वटा, असोजमा उद्योगतर्फ ३० र वाणिज्यतर्फ ३१ गरी ६१, भदौमा उद्योगतर्फ ३० र वाणिज्यतर्फ ३७ गरी ६७ वटा र साउनमा उद्योगतर्फ ३२ र वाणिज्यतर्फ ६१ वटा गरेर ९३ घरेलु तथा साना उद्योगको लगत कट्टा गरिएको घरेलु तथा साना उद्योग कार्यालयका सूचना अधिकारी गोपाल पौडेलले बताउनुभयो। उहाँका अनुसार जिल्लामा बन्द हुनेमा धेरै वाणिज्यतर्फका व्यवसाय छन्।

नयाँ दर्ता हुने उद्योग तथा व्यवसायको संख्या बढे पनि बन्द हुने उद्योग व्यवसायको अवस्था पनि उस्तै रहेको भन्दै सूचना अधिकारी पौडेलले भन्नुभयो, "आर्थिक मन्दीसँगै विदेश जानलाई र व्यवसाय चलाउन नसक्ने अवस्था देखाउँदै उद्योग बन्द गर्नेको संख्या धेरै छ।" उहाँका अनुसार बन्द हुनेमा अधिकांश व्यवसाय ऋण खानका लागि खोलिएका हुने गरेका छन्।

घरेलु तथा साना उद्योग कार्यालयमा उत्पादनमूलक, कृषि तथा वनजन्य, ऊर्जामूलक, खनिजजन्य, निर्माण उद्योग, पर्यटनमूलक, सेवामूलक र सूचना तथा प्रविधिसम्बन्धी उद्योग दर्ता हुँदै आएका छन्। जिल्लामा चालु आर्थिक वर्षको चार महिनामा तीन सय ५० भन्दा बढी घरेलु तथा साना उद्योग दर्ता भएका छन्। आव २०८१/८२ को साउनदेखि कात्तिकसम्म तीन सय ६६ घरेलु तथा साना उद्योग दर्ता भएका हुन्।

दर्ता हुनेमा उद्योगतर्फ एक सय ४२ र वाणिज्यतर्फ दुई सय २४ वटा रहेका सूचना अधिकारी पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार कात्तिकमा उद्योगतर्फ २४ र वाणिज्यतर्फ ३७ गरी ६१ वटा, असोजमा उद्योग २६ र वाणिज्यतर्फ ४२ गरी ६९ वटा, भदौमा उद्योगतर्फ ४१ र वाणिज्यतर्फ ५६ गरी ९७ वटा र साउनमा उद्योगतर्फ ५१ र वाणिज्यतर्फ ८८ गरी एक सय ३९ वटा व्यावसायिक फर्म दर्ता भएका छन्।रासस

# दुर्लभ कृष्णवक्ष रातोकण्ठ चरा कञ्चनपुरमा पहिलोपटक देखियो



कञ्चनपुर । हिमालय पर्वतमालामा पाइने दुलर्भ कृष्णवक्ष रातोकण्ठ (चाइनिज रुबीथ्रोट) चरा पहिलोपटक कञ्चनपुरमा देखापरेको छ। बेलौरी नगरपालिका-७ नकैया सीमसार क्षेत्रमा कृष्णवक्ष रातोकण्ठ चरा फेलापरेको हो।

नेपाल पक्षी संरक्षण सङ्घ (विसिएन)का चराविज्ञ हिरूलाल डगौरा शुक्लाफाँटा नेचरगाइड एशोसिएसनका सुवन चौधरी र महानन्द जोशीको टोलीले सो चरा फेलापारेका हुन्। हिमाली क्षेत्रमा हिउँ पर्ने क्रमसँगै चिसो बढेपछि यो चरा तराई क्षेत्रमा आउने गर्दछ । "तराई क्षेत्रमा आउने भए पनि विरलै देखापर्ने गरेको छ", चराविज्ञ डगौराले भन्नुभयो, "कञ्चनपुरमा भने पहिलोपटक देखापरेको छ, यो चरा यस क्षेत्रका लागि दुलर्भ नै हो ।" अहिलेसम्मको तथ्याङ्कमा यो चरा नदेखिएको उहाँको भनाइ छ।

उहाँका अनुसार यो चरा बङ्गलादेश, भुटान, म्यानमार, नेपाल, पाकिस्तान, रुस र थाइल्याण्डमा पाइन्छ । गर्मीका बेला हिमाली क्षेत्रमा र जाडोमा तराई क्षेत्रमा बसाइ सर्ने गर्दछ। जाडोमा यो चरा नेपालदेखि भारतको आसामसम्म बसाइ सरेर पुग्ने गर्छ । यसले गर्मीका बेला प्रजनन गर्ने गर्दछ।

घना रुख र झाडीमा गुँड लगाएर अण्डा पारेर बच्चा कोर्लने गर्दछ।कृष्णवक्ष रातोकण्ठ चराको भालेको सेतो निधार, स्टलेटी खैरो हुन्छ भने पखेटा खैरो रङको र पुच्छर सेतो टुप्पोमा कालो रङको हुन्छ।

घाँटी र छातीको छेउ कालो हुन्छ भने घाँटीको बीचमा रातो रङको हुन्छ।

पोथी निलो खैरो रङको हुन्छ । घाँटी सेतो हुन्छ । "यस चराका जोडी प्रजननको समयमा एक्लै वा जोडीमा देखिने गर्दछन्", चराविज्ञ डगौराले भन्नुभयो, यसले स-साना कीरा र कमिलालाई आहाराका रूपमा खाने र बचेरालाई खुवाउने गर्दछन् ।" तराई क्षेत्रमा चिसो बढ्न थालेपछि यो चरा पुनः पुरानै बासस्थानमा फर्कने गर्दछ।

यो चरा विशेषगरी समुद्री सतह दुई हजार पाँच सयदेखि दुई हजार सात सय मिटरको उचाइसम्म देखिने गरेको छ।

सिमसार क्षेत्र संरक्षणमा स्थानीय बासिन्दाको चासो बढ्दै जानु र चराको सिकार गर्ने क्रममा कमी आएपछि दुर्लभ प्रजातिका चरा देखिन थालेको चराविज्ञ डगौराको भनाइ छ।रासस

# रामपुर नगरक्षेत्रको माटोमा फस्फोरस र पोटासको मात्रा कम



रामपुर । यहाँको खेतीयोग्य जमिनमा फस्फोरस र पोटासको मात्रा कम रहेको पाइएको छ। माटोमा फस्फोरस र पोटासको मात्रा कम हुँदा उत्पादकत्व घट्ने कृषि प्राविधिक बताउँछन्।

रामपुरमा बिहीबार भएको माटो परीक्षण शिविरमा परीक्षण गरिएको अधिकांश माटोमा फस्फोरस र पोटासको मात्रा कम भेटिएपछि किसानलाई माटोको उर्वराशक्ति बढाउन सुझाव दिइएको छ।

रामपुर नगरपालिकाको आयोजना तथा कृषि ज्ञान केन्द्रको प्राविधिक सहयोगमा भएको शिविरमा नगरका १० वटै वडाबाट नमूनाका रूपमा माटो परीक्षण भएको छ। जाँच गरिएका माटोमध्ये धेरैमा फस्फोरस र पोटासको मात्रा कम पाइएको छ।परीक्षणका लागि ल्याइएको ८२ स्थानका माटोका नमूनामध्ये शिविरमा ४० वटाको नमूना परीक्षण गरिएकामा नाइट्रोजनको मात्रा तटस्थ, फस्फोरस र पोटासको मात्रा भने कम देखिएको कृषि ज्ञान केन्द्रका कृषि प्राविधिक रविन बुढाले बताउनुभयो।

शिविरमार्फत आफ्नै गाउँठाउँमा माटो परीक्षण गर्न पाउँदा किसानलाई धेरै राहत मिलेको अगुवा किसान दिलबहादुर थापा बताउनुहुन्छ । उहाँले बेलाबेलामा आयोजना हुने यस्ता शिविरले आफ्नो खेतबारीको माटोको अवस्था कस्तो छ, उत्पादन घट्न नदिन ध्यान दिनुपर्ने कुराबारे धेरै जानकारी हुने बताउनुभयो।

खेतीयोग्य जमिनमा फस्फोरस र पोटासको मात्रा कमी हुँदा उत्पादकत्व घट्ने, माटो बिग्रने हुँदा माटोलाई आवश्यक पर्ने तत्वको मात्रा मिलाएर प्रयोग गर्न किसानलाई सुझाव दिइएको रामपुर नगरपालिका कृषि शाखा प्रमुख नारायणप्रसाद गैरे बताउनुहुन्छ।

"रामपुर क्षेत्रका किसानले आफ्नो खेतबारीको माटो परीक्षण गर्न चासो कम देखाउने गर्नुभएको छ, नगरपालिका कार्यालयले पूर्वसूचना जारी गरे पनि परीक्षणका लागि ल्याउने कम हुनुहुन्छ, नियमित रूपमा खेतीयोग्य जमिनको माटो परीक्षण गराउने बानी किसानमा अझै बसेको छैन", उहाँले भन्नुभयो।

यसअघि नमूना सङ्कलन गरेर पोखरा तथा बाँकेको खजुरा प्रयोगशालामा लैजानुपर्दा किसानलाई समस्या थियो । जिल्लास्थित हाल कृषि ज्ञान केन्द्रमा माटो परीक्षण व्यवस्था भएको छ।रासस

# चिसो बढेसँगै माछामासुको कारोबारमा वृद्धि



इनरुवा । सुनसरी सदरमुकाम इनरुवा-३ का सुशान्त चौधरी बिहान ५ बजे मासु पसलमा आइपुग्नुहुन्छ। उहाँको दैनिकी खसी काट्ने र मासु बिक्री गर्नेमा बित्ने गरेको छ। गर्मीयाममा केही ढिलो पसल खोल्ने र कम बिक्री हुने मासु अहिले बढी बिक्री हुने गरेको सुशान्तले बताउनुभयो।

चिसोमा खसीको मासु बढी खपत हुने भन्दै चौधरीले दैनिक १५ वटासम्म खसी काटेर बिक्री गर्ने गरेको जनाउनुभयो। गर्मीका बेलामा सरदर १० देखि १२ वटासम्म खसी काटेर मासु बिक्री गर्दै आएकामा चिसोका बेलामा १५ वटासम्म काट्ने गरेको उहाँको भनाइ छ।

चिसोका बेलामा बिहानैदेखि मासु किन्नेको भीड लाग्ने गरेको भन्दै अन्य पसलहरूमा पनि यो समयमा जिल्लामा माछा र मासुको कारोबारमा वृद्धि हुने जानकारी दिनुभयो । इनरुवासहित जिल्लाका विभिन्न ठाँउमा लाग्ने हाटमा माछा, मासुको कारोबारमा वृद्धि भएको स्थानीय माछा व्यापारी गुलावी मुखियाले बताउनुभयो । इनरुवा, लौकही, रामधुनी, इटहरी, धरानलगायत स्थानमा रहेका माछा, मासु पसलमा चिसो बढेसँगै ग्राहकको घुइँचो लाग्न थालेको उहाँको भनाइ छ।

माछा, मासुको प्रयोगले शरीरलाई तातो राख्ने र चिसोबाट लाग्ने रोगसँग लड्न प्रतिरोधात्मक क्षमतासमेत वृद्धि गर्ने भएकाले चिसोका बेलामा मानिसले बढी माछामासुको प्रयोग गर्ने चिकित्सक देवराज घिमिरेले बताउनुभयो । चिसोका बेलामा बिरामीलाई चिकित्सकले बढी मात्रामा माछामासुको झोल प्रयोग गर्न सल्लाह दिने उहाँको भनाइ छ।रासस

# बैंसी झर्न थाले भेडाबाख्रा



सिमकोट। हिमाली जिल्ला हुम्लामा चिसो बढ्दै गएपछि पालनपोषणका लागि यहाँका भेडाबाख्रा बैंसी झर्न थालेका छन्। विशेष गरी सिमकोट, खार्पुनाथ चरे ली र सर्केगाड गाउँपालिकाका व्यवसायी भेडाबाख्रासहित बैंसी झर्न थालेका हुन्।

चिसो अत्यधिक बढेपछि भेडाबाख्रासहित हिउँदयाममा बैंसी झर्न थालेका भेडाबाख्रा व्यवसाय गर्दै आउनुभएका सिमकोट गाउँपालिका-२ ठेहेका राजेन्द्र बोहराले बताउनुभयो । उहाँले भन्नुभयो, "जाडोले लेकमा बस्नै नसकिएपछि भेडाबाख्रा बैंसी झार्न थालेका छौं ।" यतिबेला हुम्लाको उच्च पहाडी भेग सुख्खा हुने र तराईका क्षेत्रमा हरियाली हुनेहुँदा घाँसका लागि पनि भेडाबाख्रा हिउँदमा जिल्ला बाहिर लैजानुपर्ने बोहराको भनाइ छ । झण्डै ६ महिना जिल्ला बाहिर पालन गरेपछि वैशाखमा फेरी लेकमै भेडाबाख्रा लैजाने गरिन्छ।

बाजुरा, अछाम, सुर्खेतलगायतका क्षेत्रमा हुम्लाबाट भेडाबाख्रा पालनका लागि लैजाने गरिन्छ। भेडाबाख्रा व्यवसायीले चामल, दाललगायत सामग्री बोकेर घरघरमा पुगेर व्यापरसमेत गर्छन्।

गहुँ, जौ, उवाबाट बनाइएको सामग्री चामलसँग साट्ने चलन रहँदै आएको सिमकोट गाउँपालिका-२ ठेहेका टेक भण्डारीले बताउनुभयो । सिमकोट-३ र ४ तथा उत्तरी नाम्खा गाउँपालिकामा एक दशक अघिसम्म प्रत्येकका घरघरमा भेडापालन गरिँदै आएको थियो । पछिल्लो समय यो व्यवसाय कमैले गरेको पाइन्छ।

वर्षाको समयमा छिमेकी मुलुक चीनको ताक्लाकोट पुगेर यहाँको फापर, उवा, गहुँ, जौलगायतको अन्न नूनसँग साट्ने गरिन्थ्यो।

ताक्लाकोटबाट नून ल्याएर हुम्लाकै दक्षिणी भेगका रोडिकोट, दार्मा सर्केगाड, पिप्लाङ, उनापानी, रिप राहदेवलगायतका गाउँमा पुगेर चामल, सिमिलगायतका अन्नसँग साँटासाँट गरिन्थ्यो । तर अहिले यी सबै चलन हराउँदै गएका छन्। रासस


## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि शाखा कार्यालय रामानन्दचोक, जनकपुर को २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३,कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

**तपसिल**

| क्र. सं. | कर्जा ग्राहकको नाम (फर्म र प्रोपराईटरको नामरकम्पनी तथा संचालकहरुको नाम) | ठेगाना | ग्राहकको पिता र पतिको नाम | बाजेको नाम | उदेश्य | सांवा रकम रु. | मिति २०८१/०७/०१ सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्रवण किराना स्टोर्स | सोनिगामा ०४ | श्रवण कुमार महतो | राम भगत महतो | ब्यपार | ९५०००० | ९६६८९ | १०४६६८९ | १११२८३ |
| २ | रोशन माछा पालन | जनकपुर १४ | जंगल मुखिया | रामयाल मुखिया | माछा | १०००००० | ३५६८९ | १०३५६८९ | १७४८६७४ |
| ३ | रेशमा कुमारी देवी | जनकपुर १२ | बंशी यादव | छोटेलाल यादव | घरायसी | ८५०००० | १३७५०० | ९८७५०० | १११४८३७ |
| ४ | रामेश्वर यादव | सपही ०५ | भोला यादव | सुखलाल यादव | सरल कृ.क. | ३३३३६७ | ७६७१९ | ४१००८६ | ६९५०५२ |
| ५ | रामजी यादव | सपही ०१ | राजे यादव | गणेश यादव | सरल कृ.क. | १०००००० | ८४९९० | १०८४९९० | १९३८६६० |
| ६ | यादव पशुपंक्षी पालन | जनकपुर १७ | शिव कुमार यादव | रामविलास यादव | पशुपालन | १५००००० | १११३३६ | १६११३३६ | १५५७६९७ |
| ७ | पुजा स्टोर्स | जनकपुर ०४ | रिता कुमारी मंडल | विलटु मंडल | घरायसी | २५००००० | ४३२१३७ | २९३२१३७ | ६९४२१२ |
| ८ | श्याम किशोर यादव | वलवा ०८ | जासर यादव | लखन यादव | घरायसी | १५००००० | ७२६६८ | १५७२६६८ | ६९४३७७ |
| ९ | बेचन यादव | जनकपुर १९ | भगलु यादव | धानी यादव | सरल कृ.क. | ७००००० | ४११२९ | ७४११२९ | १९४८२३२ |
| १० | राम नारायण यादव | मिथिला बिहारी ०९ | परमेश्वर यादव | राजदेव यादव | सरल कृ.क. | १०००००० | ४४१३७ | १०४४१३७ | १०८४४६३ |
| ११ | रामदेव मंडल | जनकपुर १८ | पलटु मंडल | रामजी मंडल | सरल कृ.क. | १११८४ | ४११४ | १५२९८ | ६९४७२५ |
| १२ | राजकिशोर यादव | मिथिला बिहारी ०६ | रामचलितर यादव | रुपन यादव | सरल कृ.क. | २००००० | ३२२०४ | २३२२०४ | ६९४४१७ |
| १३ | उमेश यादव | जनकपुर १९ | लक्ष्मण यादव | जुगे यादव | सरल कृ.क. | २००००० | ९०८५ | २०९०८५ | १०८२०२७ |
| १४ | रामपरी देवी भगत | जनकपुर ०८ | मोहन भगत | सिताराम भगत | घरायसी | ९००००० | ६११०६ | ९६११०६ | ६९४५८९ |
| १५ | न्यू सोनु शु सेन्टर | जनकपुर ०८ | सुरेश महरा | महेश महरा | ब्यपार | १०००००० | २७९६८ | १०२७९६८ | १८६३३४२ |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय जनकपुर









सीताराम विवाह पञ्चमी महोत्सव अन्तर्गत स्वयम्वरको क्रममा सीतामाताको डोलासहित जानकी मन्दिरबाट निस्किएको झाँकीः

*तस्विर संजयकुमार यादव*

# महिलाको हत्या आरोपमा तीनजना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको विदेह नगरपालिकामा एक महिलाको शव फेला परेको छ।

जिल्लाको विदेह नगरपालिका-५ स्थित मुरिबा टोलकी ४० वर्षीया रामपरी देव ठाकुरको हत्या भएको अवस्थामा शव फेला परेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

धनुषा प्रहरीका प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीले भने, 'दुई दिनअघि नै महिलाको हत्या भएको अवस्थामा शव फेला परेको हो,' उनले भने, 'हामी घटनाको विस्तृत अनुसन्धानकै क्रममा छौँ । थप विववरण पछि सार्वजनिक गर्छौ ।'




धारिलो हतियारले काटेर शरीर र टाउको अलग गरेको अवस्थामा शव फला परेको उनले बताए। उनको शव घरभन्दा करिब डेढ किलोमिटर टाढा शिवनारायण मण्डलको खेतमा भेटिएको छ।

शरीर र टाउको अलग गरिएको अवस्थामा नजिकै रहेको कमला नदीको नहरमा भेटिएको उनले बताए।

तिवारीले मृत महिलाको शरीर नग्न अवस्थामा थियो। उनको बलात्कारपछि हत्या भएको हुनसक्ने स्थानीयले बताएका छन् ।

महिलाका पति वैदेशकि रोजगारीमा छन् । मंगलबार साँझ रामपरी घाँस काट्न गएदेखि बेपत्ता थिइन् । खोजतलासको क्रममा बुधबार दिउँसो उनको शव फेला परेको छ । 'घटनामा संलग्न भएको आशंकामा तीन जनालाई पक्राउ गरेर हामीले घटना अनुसन्धान अघि बढाएका छौँ,' प्रहरी उपरीक्षक तिवारीले भने । आरोपितहरुलाई पत्रकार सम्मेलन गरी सार्वजनिक गर्ने धनुषा प्रहरीले जनाएको छ।

# पदभार ग्रहण गर्न नपाउँदै नवनिर्वाचित वडाध्यक्ष पक्राउ



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको डाक्नेश्वरी नगरपालिका- १ का नवनिर्वाचित वडाध्यक्ष धीरेन्द्रकुमार साह पदभार ग्रहण गर्ने क्रममै प्रहरीले पक्राउ गरेको छ।

उनीमाथि बलात्कारसहित तीनवटा कसुरमा अनुसन्धान गर्नका लागि पक्राउ गरिएको सप्तरी प्रहरीले जनाएको छ।

मंसिर १६ गतेको उपनिर्वाचनबाट वडाध्यक्षमा नवनिर्वाचित साहलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिएको प्रहरी टोलीले मधुवनी टोलबाट पक्राउ गरेर उनीमाथि अनुसन्धान सुरु भएको सप्तरी प्रहरीका प्रहरी निरीक्षक मनीष श्रेष्ठले जानकारी दिए।

नवनिर्वाचित वडाध्यक्ष साहसहितका व्यक्तिले डाक्नेश्वरी नगरपालिका- १ स्थित माधोपुरमा २०७८ चैत २२ गते एक महिलालाई सामूहिक बलात्कारपछि हत्या गरेको आरोप छ। सुरुमा प्रहरीले उजुरी दर्ता गर्न नमानेपछि पीडितले हुलाकमार्फत इलाका प्रहरी कार्यालय कल्याणपुरमा उजुरी दिएका थिए।

साहसहितका ओरोपीविरुद्ध जबर जस्तीकरणी र कर्तव्य ज्यान शीर्षकमा २०७९ साउन १७ गते हुलाकबाट उजुरी प्राप्त भएपछि अनुसन्धान गरिरहेको सप्तरी प्रहरीको दाबी छ।

यस्तै २०८० जेठ १० गते जिल्ला सरकारी वकील कार्यालय सप्तरीबाट इलाका प्रहरी कार्यालय कल्याणपुरमा व्यक्ति बेपत्ता रहेको सम्बन्धमा अपहरण तथा शरीरबन्धक र कर्तव्य ज्यान मुद्दामा पनि जाहेरी दरखास्त पठाइएको थियो।

उच्च अदालत जनकपुर-राजविराज इजलासबाट २०८० चैत ४ गते अनुसन्धानका लागि परमादेश जारी भएको थियो।

उच्च सरकारी वकिल कार्यालय राजविराज मार्फत इलाका प्रहरी कार्यालय कल्याणपुरमा २०८१ साउन ६ गते परमादेश प्राप्त भएको प्रहरीले जानकारी दिएको छ।

२०८१ साउन १४ गते इलाका प्रहरी कार्यालयमा यो उजुरी पनि दर्ता गरेर साउन १५ गते पक्राउ अनुमति समेत लिइसकेको थियो।

३८ वर्षीय साह वडाध्यक्षमा निर्वाचित भएपछि कार्यभार सम्हाल्न नपाउँदै हिरासत पुगेका छन्।

# पत्र लिखलनि जे सीता धराधामसा ...........

**ब्लग :**



**श्यामसुन्दर शशि**

जनकपुरधाममा रामजानकी विवाह महोत्सवको रमनचमन चलिरहेको बेला आज मेरो मनमुटुभित्र गीतकार रविन्द्रको एउटा गीत गुञ्जिइ रहेको छ। स्वर मिठो भएको भए आफै गाएर सामाजिक सञ्जालमै भए पनि साझा गर्थे । नेपालीको एउटा उखान छ-'मनको वह कसैलाई न कह ।' तर म अलि उल्टो सोच्छु मैले आफ्नो मनको वह गायक तथा संगीतकार मित्र सुनिल मल्लिकलाई सुनाए । उनले आफ्नो सुमधुर स्वरमा मोवाइलमै गीत सुनाउनु भयो । म सुनिलजीले सुनाएको गीतकार रविन्द्रको यो गीत यहाँ साझा गरेर मन हलुँगो पार्न चाहन्छु-

*'चारि पाँति सुनु रामकेर नामसँ । पत्र लिखलनि जे सीता धरा धामसँ ।।*
*भेल जिनगीक गेंठ फुलवारीके भेंट । नाम तहिए जोडाएल अहाँक नामसँ ।।*
*प्रथमहि धरैत तीन माताकेर ध्यान । कहि राजाकेर जय हो हे प्रितम प्रणाम ।*
*अहाँ कोनाक हमरा बिसरिए गेलौं । बाट तकिते छी एखनहुँ अपन गामसँ ।।*
*यदि हमरे सिनेहवस लंका गेलौं । त पतालोमे आऊ किए पाथर भेलौ ।।*
*संग चुरी आ सेनुर एतहु अछि हमर । अहाँ बारल ने जायब कोनो सम्मानसँ ।।*

असलमा पति रामकै सामु पाताल समाएकी सीता, रामलाई धराधाम अर्थात् पाताल लोकबाट लेखेको पत्रमा आफ्नो कथा व्यथा अभिव्यक्त गरेकी छन्। जो हृदयविदारक छ।

हाम्रा प्रिय पाठकहरुलाई लाग्न सक्ला, विवाह महोत्सवमा सिंगै जनकपुरधामवासी रमाइरहेको बेला मलाई यस्तो दुखान्त गीत किन सुन्न मन लाग्यो ? सुधि पाठकहरुको जिज्ञासा ठिक हुन सक्छ, तर आधुनिकताको नाममा रामजानकी विवाह महोत्सवको क्रममा जुन आयातीत विधि-व्यवहार प्रदर्शन हुन लागेको छ, आउने दिनमा जो कोहीलाई पनि यस्तै दुखान्त गीत गाउनु पर्ने बाध्यता हुने पक्का छ।

जनकपुरधामको पवित्र माटोबाट उत्पन्न भएकी भूमिजाको विवाह महोत्सव जनकपुरधामवासी बडो मनोयोगका साथ मनाउँछन्। महोत्सवमा धार्मिक र सांस्कृतिक आयोजनसंगै मिथिलाको वैवाहिक विधि-विधानको प्रदर्शन पनि हुन्छ । महोत्सवमा चेली–बेटीलाई विवाह गर्ने बेलाको उत्साह, जन्तीलाई स्वागत गर्ने बेलाको उमंग तथा छोरीलाई ससुरा विदा गर्ने बेलाको भावुकता एकसाथ हेर्न र अनुभव गर्न सकिन्छ । फेरि विवाह पश्चात् ससुरा(अयोध्या) गएकी सीता आजन्म दुःख भागिन् । सीतालाई छोरी-बहिनीको रुपमा स्नेह गर्ने जनकपुरधामवासी यसकारणले अझ भावुक बन्नु स्वाभाविक हो।

सीताको एउटा नाम मैथिली पनि हो । रमाकान्त झाद्वारा लिखित एउटा खण्डकाव्य छ- व्यथा । जसमा महाकवि रमाकान्त जी लेख्नु हुन्छ-

*मन होइछ हमरो मैथिलीमे मैथिलीकेर कथा लिखि ।*
*श्रीरामकेर वन गमन कालक जानकीक व्यथा लिखि ।।*

यहाँ प्रयोग भएका पहिलो मैथिलीको अर्थ हो मैथिली भाषा र दोश्रोको अर्थ हो-सीता । मिथिला, जनक, सीता र मैथिली जनकपुरधामको पहिचान हो, तर यिनै सीताको विवाहमा जानकी मन्दिरका आधिकारिक व्यक्ति मैथिलीमा बोल्नु हुन्न । विवाहमा अन्य भाषाको गीत प्रयोग हुन्छ भन्ने यसलाई के भन्ने ?

विभिन्न शोधहरुले के देखाएको छ भने रामायणकालको आधिकारिक वा भनौँ भने सरकारी भाषा संस्कृत थियो, तर वनवासी र ग्रामीणहरु आ-आफ्नै भाषा बोल्थे । मिथिलाका आम नागरिकले बोल्ने भाषा मैथिली थियो । जनक दरवारमा पनि यसको प्रयोग हुन्थ्यो । वाल्मीकि रामायणको सुन्दर काण्डमा वर्णित एक प्रसंगले यसको पुष्टि गर्दछ। रावणले सीतालाई अपहरण गरी अशोक वाटिकामा राखेका थिए । सीताको खाजी गर्न गएका हनुमान र सीताबीच अशोक वाटिकामा सीताकै मातृभाषामा संभाषण भएको थियो। सीतालाई घेरा हाली बसेका रावणका सैनिक तथा गुप्तचरहरुले नबुझ्ने भाषामा हनुमान सीतासंग वार्तालाप गरेका थिए । वाल्मीकि रामायणमा यस भाषालाई 'मानुसं' को संज्ञा दिइएको छ-

*'यदि वाचं प्रदास्यामि, द्विजातिरिव संस्कृताम्*
*रावणं मन्यमाना मां सीता भीता भविष्यति ।*
*अवश्यमेव वक्तव्यं मानुसं वाक्यमर्थवत्*
*मया सान्त्वयितं शक्या नान्यथेयम निन्दिता ।।'*

अर्थात् संस्कृतमा संभाषण गर्दा रावणका गुप्तचरहरु सजिलै बुझ्ने छन् । अनि माता सीता अझै संकटमा पर्ने छिन् । अतः देवी सीताको मातृभाषा मानुसं (मैथिली) मा सम्भाषण गर्दा बेस होला।

तर यिनै सीताले बोल्ने भाषा सीताको विवाहमा ओझेलमा परेको छ। आधुनिकताको नाममा मिथिलाको विधि-व्यवहार तथा वैवाहिक गीतहरु विस्थापित हुदैछन् । राम र सीताबीच पहिलो मिलन फूलवारीमा भएको थियो । रामलाई पहिलो पटक देखेपछि सीताको मनमा उठेका भावहरुलाई गोस्वामी तुलसी दास बडो सुन्दर शब्द दिएका छन्-

लोचन मग रामहि उर आनि। दीन्हे पलक कपाट सयानी ।।
*जब सिय सखिन्ह प्रेमवस जानी । कहि न सकहि कछु मन सकुचानी ।।*

*अर्थात् सीताजी आँखाको मार्गबाट रामलाई हृदयमा ल्याएर बसाईन र दुवै आँखा बन्द गरेर रामलाई मनभित्रै कैद गरिन । मनमनै रामलाई वरण गरिन् ।*

महाकवि तुलसी दास मैथिलानीको मर्यादालाई उच्च स्थान दिनु भएको छ । तर विवाह महोत्सवको क्रममा आयोजन हुने फूलवारी लीलामा राम सीतालाई तथा सीता रामलाई फूलको गुच्छा अर्पण गर्छन् । जो न त मिथिलाको पारम्परिक वैवाहिक पद्धतिसंग मेल खान्छ न तुलसी दासकृत रामचरित्र मानससंग।

त्रेता युगमा बाजा-गाजा, लावा-लस्करसहित जन्ती आएर, वैदिक तथा मिथिलाको मौलिक सांस्कृतिक विधि-व्यवहार



अनुसार राम र सीताबीच विवाह भएको थियो । भनिन्छ, विष्णुका दश अवतारमध्ये रामावतारमा मात्र विधि-विधानसहित विवाह भएको थियो । मिथिलाञ्चलको वैवाहिक उपक्रममा प्रत्येक बेहुलालाई राम र बेहुलीलाई सीताको रुपमा वर्णन गरिन्छ । यो भूमि हिन्दुहरुका लागि उत्तम वैवाहिक गन्तव्य बन्न सक्छ। यद्यपि नेताजीहरुको आश्वासन वर्षौंदेखि सुन्दै आएका हौं, तर अहिलेसम्म यस क्षेत्रमा कुनै प्रयास भने भएको छैन।

जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने अभियान पनि चल्दै छ । हामीले के पनि हेक्का राख्नु पर्दछ भने विश्व सम्पदा सूचिमा जानकी मन्दिर जस्ता भौतिक संरचनामात्र सूचीकृत हुने होइन रामजानकी विवाह महोत्सवको क्रममा प्रदर्शन हुने मिथिलाको वैवाहिक पद्धति पनि सूचीकृत हुनसक्छ । हामीले सौन्दर्यकरणको नाममा जानकी मन्दिरमा नयाँ-नयाँ संरचना थप्दै गर्यौं र आधुनिकताको नाममा पारम्परिक वैवाहिक पद्धतिलाई विकृत पार्दै गयौं भने जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्ने सपना कहिल्यै पूरा हुन सक्दैन।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८